वर्ष : २१, अंक : ६, काठमाडौं, २०८२ जेठ १६ गते शुक्रबार, 30 May, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## 'नेपाल अझै एकल मानसिकतामा सञ्चालित'



काठमाडौं । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले नेपाल अझै एकल मानसिकतामा सञ्चालित रहेको बताएका छन् । मधेश एशोसिएसन इन अमेरिका (माँ) को चौथो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष महतोले यस्तो कुरा बताएका हुन् । उनले भने, 'संविधान र शासकीय संरचनाको अस्थिरता नेपाल विकासमा पछाडि पर्नुको अर्को मुख्य कारण हो ।'

उनले ७० वर्षमा १० वटा संविधान बनेको तर एउटा पनि साझा संविधान बन्न नसकेको जिकिर गरेका छन् । उनले गणतन्त्र र संघीयताको नाममा पनि नेपाल अझै एकल मानसिकतामा सञ्चालित रहेको टिप्पणी गरे ।

अध्यक्ष महतोले साझा राष्ट्र निर्माणको अवधारणा अगाडि सार्दै राणा र राजाका पालाजस्तै अहिले पनि एकल सोच हाबी रहेको बताए । साझा नेपाल बनाउने सोच अझै विकास नभएको बताए । उनले अमेरिकालगायत देशमा बसोबास गर्ने नेपालीबिच नेपालको भविष्यप्रति उठ्ने चिन्ता र जिज्ञासालाई गम्भीरसाथ लिनुपर्ने बताए ।

'अमेरिकाजस्तो नेपाल कहिले बन्छ ? नेपालीको एक नम्बरको प्रश्न यही हो,' अध्यक्ष महतोले भने, 'तर त्यसको उत्तर खोज्ने काम कसैले गर्दैन । अब हामी सबैले यसको जवाफ खोज्नुपर्छ ।' अध्यक्ष महतोका अनुसार नेपालको प्राकृतिक स्रोत र सम्भावनाहरू अपार छन् तर त्यसको समुचित उपयोग हुन नसक्नु नै पछौटेपनको मुख्य कारण हो । 'नेपालमा रहेको जलविद्युत्, पर्यटन र प्राकृतिक सुन्दरता यदि सही तरिकाले विकास गरियो भने नेपाल विश्वकै सम्पन्न मुलुक बन्न सक्छ,' महतोले भने, 'तर इच्छा शक्ति चाहिन्छ, जुन अहिलेसम्म देखिएको छैन ।'

## एक लाख रोजगारी सिर्जना गर्ने उद्घोष



जनकपुरधाम । मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री ई.बसन्त कुशवाहाले एक लाख रोजगारी सिर्जना गर्ने उद्घोष गरेका छन् । जनमत पार्टीका उपाध्यक्षसमेत रहेका मन्त्री ई.कुशवाहाले भनेका छन्, 'मैले यो मन्त्रालयको जिम्मेवारीमा रहुन्जेल एक लाख रोजगारी सृजना गर्ने लक्ष्य लिएको छु ।' उनले सोहीअनुसार आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने काम जारी रहेको जनाएका हुन् ।

उनले नयाँ वा थप रोजगारी सृजना गर्ने आइडिया, प्रस्ताव, सम्भाव्यता, योजना वा कार्यक्रम भए विभिन्न माध्यमबाट जानकारी गराउन अपिल गरेका छन् । उनले भनेका छन्, 'उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रीको रूपमा कार्यभार शुरू गरेको अवसरमा बिभिन्न माध्यमबाट कार्यकालको शुभकामना दिनु हुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ।'

जनमत पार्टीले चुनावताका १० लाख रोजगारीको प्रतिबद्धता जनाएको थियो । सोहीअनुसार उद्योगमन्त्री कुशवाहाले यो एउटा सुरुवात मात्र रहेको बताएका छन् । कुशवाहा यसअघि केही दिनका लागि कृषिमन्त्री रहेका थिए । सो अवधिमा उनले कृषि क्षेत्र र किसानका लागि निकै महत्वपूर्ण योजनाहरु ल्याएका थिए । तर, उनी मन्त्रीबाट हटेपछि उनका योजनाहरु कार्यान्वयनमा आएन ।

## मुलुकमा देखिएको समस्या सम्बोधन हुने गरी बजेट आएन : प्रभु साह



काठमाडौं । आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले बजेट नेपाललाई उजाड एवं जनतालाई निराश बनाउने किसिमको रहेको टिप्पणी गरेका छन् ।

अर्थमन्त्री विष्णु पौडेलले संघीय संसद्को बैठकमा बिहीबार प्रस्तुत गरेको आर्थिक बर्ष २०८२/८३को बजेट मुलुकमा देखिएको समस्या सम्बोधन गर्ने कुनै पनि कार्यक्रम नदेखिएको उनले बताए ।

संसद् भवन बानेश्वरमा सञ्चारकर्मीसंग कुराकानी गर्दै आजपा अध्यक्ष एवं सांसद साहले भने, 'हाल मुलुकमा देखिएको समस्यालाई सम्बोधन गर्ने कुनै कार्यक्रम देखिएन । नेताहरूको भुडी भर्ने खालको छ, वितरण पुरै असमान छ ।'

सरकारले नेपालको पूँजी खुलेयाम विदेश लान पाउने व्यवस्थाको उनले विरोध गरे । सरकारले २५ प्रतिशत विदेश लान पाउँने गरी व्यवस्था गर्नु भनेको सरकारले मुलुकको अर्थतन्त्र ध्वस्त बनाउन खोजेको प्रस्ट रहेको उनले बताए । उनले सरकारले बजेट बनाउदा बिचौलियालाई गुण तिरेको साहले बताए । 'प्राकृतिक सम्पदाको अब खुलेआम दोहन गर्न पाउने भयो । हिजो हदबन्दीको सम्पत्ति राज्यको हुन्थ्यो, आज फुकुवा भयो । गरिव श्रमजीवीलाई बिर्सेको र बैदेशिक रोजगारमा रहेका युवालाई दुखी बनाउने खालको छ,' आजपा अध्यक्ष साहले भने ।

# 'संघीय गणतान्त्रिक गठबन्धन' घोषणा



जनकपुरधाम । गणतन्त्र दिवसकै दिन पाँच राजनीतिक दलले 'संघीय गणतान्त्रिक गठबन्धन' घोषणा गरेका छन् । बिहीबार जनकपुरधाममा एक समारोहको आयोजना गरी यी दलले गठबन्धन घोषणा गरेका हुन् ।

गठबन्धनमा पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी, रामकुमार महतो नेतृत्वको नेपाल सद्भावना पार्टी, बद्री ठाकुर नेतृत्वको इतिहासिक जनता पार्टी, हरिनन्दनकुमार रञ्जन नेतृत्वको बहुजन एकता पार्टी र धुपलालप्रसाद सहनी ( निषाद) नेतृत्वको नेपाल जनजागृति पार्टी छन् ।

घोषणा समारोहमा पूर्वगृह राज्यमन्त्रीसमेत रहेका नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष अन्सारीले मुलुकमा फेरि पनि एकल शासकको अभिलाषा राख्नेहरू सल्बलाएको भन्दै उनीहरूका इच्छा कुनै हालतमा पूरा नहुने बताएका छन् । पछिल्लो समय राजावादीका नाममा प्रतिगामी शक्तिहरू देखिन थालेको भन्दै उनले जनताले प्राप्त गरेका उपलब्धि रक्षाका लागि कुनै हदसम्म जान सक्ने पनि चेतावनी दिए ।

अध्यक्ष अन्सारीले मधेशका कथित नेताहरूले जहिले पनि मधेशीलाई ठग्ने र धोका दिने काम मात्र गरेकोसमेत आरोप लगाए । यी नेताहरू शहीदहरूको बलिदानीलाई सत्तासँग साट्ने काम गर्दै आएको उनको आरोप छ । अन्सारीले कथित मधेशी नेताहरू सत्ता समर्पण र मुद्दा विसर्जनको पथमा गएकोसमेत टिप्पणी गरे ।

यसैगरी, समारोहमा नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले गणतन्त्र आएको लामो समय बित्दासमेत शोषित पीडित समुदायले वास्तविक गणतन्त्र महसुस गर्न नसकेकाले गणतन्त्र दिवसकै दिन पारेर गठबन्धन घोषणा गरेको बताए ।

यो गठबन्धन इमान्दार नेताहरूको रहेको पनि उनले दाबी गरे । ठूला मधेशी दलहरूले मधेशी जनतालाई धोका दिँदै आएकाले आफूहरू उनीहरूको गठबन्धनमा नगएर छुट्टै गठबन्धन बनाएको उनको भनाइ छ ।

बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दनकुमार रञ्जनले यो जातिवादी र सामन्तवादी व्यवस्थाको अन्त्य गर्न गठबन्धन बनाउनुपरेको बताए । उनले दलित तथा उत्पीडितहरूमाथि हुने हत्या, हिंसा, बलात्कारलगायत अपराधविरुद्ध संघर्ष गर्न गठबन्धन बनाउने बताए ।

दलित तथा उत्पीडितमाथि हुने विभेदको श्रृंखला तोड्न नसकिए धर्तीमा जन्म लिनुको कुनै अर्थ नरहेको उनको भनाइ छ । मधेश सरकार गरिब तथा दलितको पीडालाई बेवास्ता गर्दै आएको

बाँकी अन्तिम पृष्ठमा

## 'नेपाली श्रमिकलाई गन्तव्य देशले स्थानीय नागरिक सरह अधिकार दिनुपर्छ'

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले श्रम गर्न गएका नेपाली श्रमिकहरुलाई गन्तव्य देशले दासको व्यवहार गर्न नपाइने बताएका छन् ।



मंगलवार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्विस सरकार र आईएलओको अन्तर्राष्ट्रिय तालिम केन्द्र (आईटिसी) द्वारा धुलिखेलमा आयोजित श्रम सम्झौताको विकास, सौदाबाजी र कार्यान्वयन सम्बन्धी आवासीय तालिमको उद्घाटन गर्दै श्रममन्त्री भणडरीले गन्तव्य देशबाट वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकलाई सधैं सम्मानपूर्ण व्यवहारको अपेक्षा नेपालले राख्ने गरेको बताएका हुन् ।

उनले भने, 'आफ्नो देशमा श्रमशक्ति नभएपछि नेपालबाट श्रमिक लिएर जाने गरेको हो । नेपालबाट गएका श्रमिकले गन्तव्य देशको विकासमा ठूलो योगदान गरिरहेको छ । यसलाई गन्तव्य देशले पनि भन्दै आइरहेको छ । '

मन्त्री भण्डारीले गन्तव्य देशले श्रम गर्न गएका नेपाली श्रमिकहरुलाई स्थानीय नागरिक सरह नै आधारभूत अधिकार पाउने हैसियत कायम गर्नुपर्ने बताए ।

'त्यो देशको विकासलाई योगदान गर्ने नेपाली श्रमिकलाई दास सरहको व्यवहार गर्न पाइँदैन । ' उनले भने, 'नेपाली श्रमिकले स्थानीय नागरीक सरह नै आधारभूत अधिकार पाउने हैसियत राख्दछ । सम्मानजनक व्यवहार खोज्दछ ।'

नेपालले गन्तव्य देशसँग नेपालीको

बाँकी अन्तिम पृष्ठमा

## 'आतंकवादविरुद्ध नेपालमा जनमत तयार पार्ने अभियानको अठोट'

काठमाडौं । राष्ट्रिय एकता अभियानद्वारा काठमाडौंमा आयोजित "पाकिस्तानी जेहादी आतंकवाद र नेपालको सुरक्षा चुनौती" विषयक बहस कार्यक्रममा वक्ताहरुले भारत-नेपाल खुला सिमानाको दुरुपयोग गर्दै पाकिस्तान समर्थित आतंकवादी समूहहरूले नेपाललाई आन्तरिक सुरक्षा चुनौती बनाउँदै लगेको गम्भीर चिन्ता व्यक्त गरेका छन्।




कार्यक्रमका प्रमुख अतिथि प्रहरी अतिरिक्त महानिरीक्षक (डिआईजी) राजेश कर्ण ले पाकिस्तानी आतंककारी गतिविधि विरुद्ध नेपाल सतर्क रहनु पर्ने आबाश्यकतामा जोड दिए ।प्रमुख वक्ताका रूपमा वरिष्ठ पत्रकार युगनाथ शर्मा पौडेल, रास्टिय एकता अभियानका अध्यक्ष एबम सभापति विनय यादवले आतंकवादका बदलिँदो रूप र त्यसको क्षेत्रीय प्रभावबारे धारणा राखे।

वक्ताहरुले सन् १९८० को दशकदेखि नै पाकिस्तानको गुप्तचर संस्था आईएसआई ले भारतको कश्मीरमा आतंक फैलाउन नेपालभित्र घुसपैठ र आर्थिक, धार्मिक नेटवर्कको निर्माण गरेको प्रमाणसहित चर्चा गरे। नेपाल भारत खुला सीमाको दुरुपयोग गर्दै पाकिस्तानी आतंकी सञ्जालले नेपालको धर्मिक सहिष्णुता, सामाजिक सद्भाव र अन्तर्राष्ट्रिय छवि माथि प्रश्न खडा गरिरहेको उनीहरूको ठहर थियो।

"नेपालमा आतंकवादको स्थायी शृङ्खला नबनाओस् भन्ने हाम्रो साझा जिम्मेवारी हो," कार्यक्रमका प्रमुख वक्ता युगनाथ शर्मा पौडेलले भने, "अब हामीले खुल्ला रूपमा विश्व समुदाय सामु आवाज उठाउनु पर्छ कि नेपाल पाकिस्तानी आतंकको भुँइचालो बन्ने छैन।"

उनले आतंककारी अब्दुल करिम टुण्डा, सैफुल्लाह, यासिन भटकलजस्ता कुख्यात आतङ्कारीले नेपाललाई लुक्ने, योजना बनाउने र पासपोर्ट परिवर्तन गर्ने सुरक्षाविहीन स्थल बनाएको ऐतिहासिक घटनाहरू स्मरण गराए। नेपाल प्रहरीले यिनलाई पक्राउ गरे पनि नेपालभित्र यस्तो आतंकी उपस्थिति हुनु नै राष्ट्रिय सुरक्षाको गम्भीर चुनौती भएको पौडेलको तर्क थियो।

कार्यक्रममा सहभागी वक्ताहरुले पछिल्लो समय जम्मु-कश्मीरको पहलगाममा नेपाली युवक सुदीप नेउपानेको हत्या पाकिस्तान-प्रेरित आतंकवादको एक नमूना भएको टिप्पणी गरे। "यो एक दुर्घटना मात्र होइन, पाकिस्तानको आतंकवादले नेपालका युवालाई कस्तो प्रकारको खतरा दिन सक्छ भन्ने चेतावनी पनि हो," विनय यादवले भने।

बक्ता एबम अध्यक्ष बिनय यादबले भने, "अब हाम्रो कूटनीतिक नीति स्पष्ट हुनुपर्छ - नेपाल कुनै पनि आतंकवादी संगठनको लुकाउने भूमिमा परिणत हुने छैन।" उनले नेपाल-भारत सम्बन्धमा असहजता ल्याउने उद्देश्यले पाकिस्तानले लगातार नेपाल प्रयोग गर्ने रणनीति अपनाएको बताए।

कार्यक्रममा बोल्दै पत्रकार पौडेलले भने, "सार्कको निष्क्रियता र पाकिस्तानकै कारण क्षेत्रीय एकता संकटमा परेको छ। सार्क आज पाकिस्तानले आतंकवादको राजनीति गर्दा कोमामा पुगेको संस्था

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# संघीयता : जनताको घरदैलो नजिक सरकार

स्थानीय लोकतन्त्र र संविधानले परिकल्पना गरेको सबल स्थानीय सरकारको जग बसाउने प्रयास भएको छ तर केही कमी कमजोरी भने अवश्य छन् ।

यद्यपी स्थानीय सरकारको काम हेर्दा निराश हुनुपर्ने अवस्था छैन । सिंहदरबारको अधिकार गाउँ-गाउँमा भन्ने नाराका साथ स्थानीय तह गठन भएको छ । तर, जनताले त्यसको अनुभूति कतिको गर्न पाए वा पाएनन् भन्ने कुराको जवाफ स्थानीय जनताले नै दिइरहेका छन् । विकासको योजना बनाउँदा समानुपातिक भन्दा पनि वर्गीय आधारमा बनाउनु आवश्यक हुन्छ । स्थानीय नागरिकको आवश्यक्ता पहिचान गरेर बनाइएको योजना मात्र दिगो विकासको आधार बन्न सक्छ ।

भौतिक पुर्वाधारको विकासका साथै स्वास्थ्य-शिक्षाजस्ता आधारभूत अधिकारको प्रत्याभूति पनि स्थानीय तहकै जिम्मेवारीमा परेको छ । संविधानले न्यायिक अधिकारदेखि प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायतका कामको जिम्मेवारी दिएको छ । घर, जग्गाधनी पूर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, भाषा, संस्कृति र ललितकलाको संरक्षणको अधिकार स्थानीय तहका हुन् । गाउँ र नगरपालिकाले स्थानीय तहको विकास निर्माणका लागि आयस्रोतका रूपमा सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन तोकिएका छ । संविधानले गाउँ र नगरपालिकालाई पहिलेको भन्दा बढी जिम्मेवारी तोकेको छ र आफ्नो कार्यविधि र कानुन बनाएर लागू गर्ने अधिकार दिएको छ । तर, जिम्मेवारी पूरा गर्न आवश्यक आम्दानीका स्रोत कम छन् । यसरी हेर्दा स्थानीय तह प्रदेश र संघको अनुदानमा बढी निर्भर रहनुपर्ने छ, जसले गर्दा यिनको स्वायत्ततामा आँच आउन सक्छ । संविधानले तोकेका अधिकार र जिम्मेवारी पूरा गर्न आन्तरिक आयस्रोत परिचालन प्रभावकारी बनाउनै पर्दछ ।

जनतालाई जागरूक र अधिकारबाट सचेत बनाउने जिम्मेवारी पनि जनप्रतिनिधिहरूकै हो । त्यसैले स्थानीय तहबाट प्रदान गरिने सेवा र काम गर्ने तरिकामा पनि एकरूपता ल्याउन सकेमा सबै नागरिकले पाउने सेवामा समानता देखिने छ । जिल्ला समन्वय समितिले देखाएको चासो र गरिरहेको यस किसिमको समन्वयलाई कायम राख्दै भावी दिनमा पनि सेवाप्रवाहमा जिल्लाभित्रका स्थानीय तहबीच एकरूपता र सहजता स्थापित गर्नु अनिवार्य छ ।

मधेशको चर्चा गर्ने हो भने स्थानीय तहहरूले प्रभावकारी काम गर्न सकेका छैनन् । स्थानीय तहमा भ्रष्टाचारको समस्या गम्भीर रूपमा अगाडि आएको छ । सुशासनमा स्थानीय सरकार अपेक्षाअनुरूप अगाडि बढ्न सकेको छैन ।

समस्याका रूपमा देखिन थालेका राजनीतिक विवाद, भ्रष्टाचार, जनशक्ति र पूर्वाधारको कमी, आन्तरिक स्रोत परिचालनलाई बेवास्ताजस्ता समस्या समाधान गर्दै अगाडि बढ्ने हो भने स्थानीय सरकारबाट धेरै अपेक्षा गर्न सकिन्छ । मूलभूत रूपमा स्थानीय जनप्रतिनिधिले संविधानको मर्मअनुसार आफूलाई अगाडि बढाउनु आवश्यक छ ।

सिंहदरबारभित्र रहेको सरकार स्थानीय सरकारका रूपमा जनताको घरदैलो नजिकसम्म पुऱ्याएपछि अहिले कम्तीमा आमजनसमुदायले राज्यको अनुपस्थितिको अनुभव गर्नुपरेको देखिएन । चुनाव जितेका जनताका प्रतिनिधि आ-आफ्नो ठाउँमा उद्धार र राहतमा तत्काल सक्रिय भए । स्थानीय जनप्रतिनिधि विपतकै बेलादेखि उद्धारमा सक्रिय रहेकाले धेरै क्षति हुन पाएन र पीडितले एक्लो अनुभव गर्नुपरेन । हावाहुरीबाट प्रभावित क्षेत्रमा स्थानीय, प्रदेश र संघीय सरकार गाँस, वास र कपास लिएर उपस्थित भए । तर, विभिन्न तह र निकायबीच समन्वयको अभाव भने देखियो ।

संघीय शासन प्रणालीमा जनताको घरदैलो नजिक सरकार हुन्छ, जनता आफ्नो भविष्यबारे आफै निर्णय लिन्छन् । संघीयताले पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति गर्छ, समान अधिकार र सामाजिक न्यायको पक्षमा आफूलाई उभ्याउने कार्य गर्छ ।

# चुनौतीको चक्रव्यूहमा नेपाली अर्थतन्त्र



रमेश कुमार बोहोरा

परिणाममुखी बजेट प्रणाली: न्युजिल्याण्ड मोडलजस्तै पारदर्शी, जवाफदेही र परिणाममुखी बजेट ढाँचा अपनाउनुपर्छ । निजी क्षेत्रको परिचालन: लगानीमैत्री वातावरण सिर्जना गर्दै विदेशी र स्वदेशी निजी क्षेत्रलाई आकर्षित गर्नुपर्ने छ । संस्थागत सुधार: नियमनकारी संस्थाहरूमा दक्षता वृद्धि, स्वचालित निगरानी प्रणालीको स्थापना र एफएटिएफको मापदण्डअनुसार सुधार कार्यान्वयन आवश्यक छ ।

नेपालको अर्थतन्त्र अहिले अनेकौं घरेलु र बाह्य चुनौतीको दोहोरो चक्रव्यूहमा फसेको छ ।

महामारीपछिको पुनरुत्थान, वित्तीय अनुशासनको कमी, कर्जा वितरणको विकृति, र संस्थागत कमजोरीका कारण आर्थिक प्रणाली अस्तव्यस्त बनेको छ । अझ नियमनकारी संस्थाहरूको कमजोरीले लघुवित्त र सहकारी क्षेत्रहरूमा देखिएको अव्यवस्थाले अर्थतन्त्रमा गम्भीर संकट निम्त्याएको छ । कर्जाको अत्यधिक प्रवाह, त्यो पनि अनुत्पादक क्षेत्रमा, र सरकारी खर्चमा जवाफदेहिताको कमीले गर्दा आर्थिक वृद्धिमा अपेक्षित योगदान हुन सकेको छैन । निर्माण तथा सेवा क्षेत्रका भुक्तानी समस्याले निजी क्षेत्रको लगानी र रोजगारी सिर्जनामा नकारात्मक प्रभाव पारेको छ ।

### मौद्रिक नीतिमा धेरै भरोसा गरेपछिको असर

विश्वका धेरै देशले कोरोनापछि वित्तीय र राजस्व नीतिको संयोजनमार्फत पुनरुत्थानको प्रयास गरे । तर नेपाल भने मौद्रिक नीतिमा मात्र निर्भर रह्यो । यो एकतर्फी दृष्टिकोणले अर्थतन्त्रमा आवश्यक ऊर्जा भरिन सकेन । आर्थिक सन्तुलन कायम राख्न अब बहुआयामिक नीति संयोजन अपरिहार्य देखिन्छ ।

### विश्वव्यापी संकट र नेपालमाथिको प्रभाव

संयुक्त राष्ट्रसंघले हाल विश्वलाई 'पूर्ण आँधी'को अवस्थामा रहेको बताउँदा त्यसको असर नेपालमा खुला र आयातमा निर्भर अर्थतन्त्रमा झन् गहिरो रूपमा परेको छ । विश्वभर जलवायु अस्थिरता, द्वन्द्व, शरणार्थी संकट, सैन्य खर्चको वृद्धि र सामाजिक असमानताले आर्थिक स्रोतमा कटौती गरिरहेको छ । स्टकहोम पिस रिसर्च इन्स्टिच्युट अनुसार, २०२४ मा मात्र सैन्य खर्च ९.४ प्रतिशतले बढेर २.७ ट्रिलियन डलर पुगेको छ । यस्तो अवस्थामा स्वास्थ्य, शिक्षा र पूर्वाधारमा आवश्यक अन्तर्राष्ट्रिय लगानी घट्दै गएको छ ।

### वैदेशिक सहायता घट्दै जाँदा सिर्जिने समस्याहरू

धनी देशहरूले वैदेशिक सहायता कटौती गर्दा नेपालमा यसको प्रत्यक्ष असर देखिन्छ । अमेरिकाले नेपालमा स्वास्थ्य क्षेत्रमा दिने भनिएको ९५ अर्बभन्दा बढीको सहायता रोकेको सन्दर्भमा देखिएझैं, दाताहरूको प्राथमिकता परिवर्तनले विकास योजनाहरू प्रभावित भएका छन् । ओइसिडीका अनुसार सन् २०२५ मा सहायता १७ प्रतिशतले झर्ने छ । यस्तो अवस्थामा घरेलु स्रोत परिचालनको प्रभावकारिता वृद्धि गर्नु अनुदानको सट्टा ऋणद्वारा आउने सहायताप्रति सचेत रहनु अत्यावश्यक देखिन्छ ।

### अन्तर्राष्ट्रिय ऋणको बढ्दो प्रवृत्ति र जोखिम

विकासशील देशहरूमा ऋणमार्फत सहयोग बढ्दो छ । सन् २०२१-२२ बीच अनुदान आठ प्रतिशतले घट्दा ऋण ११ प्रतिशतले बढेको तथ्यांकले यस्तो संकेत गर्छ । ऋणको बोझ बढ्दा ऋण सेवा खर्चमा जाने रकमले स्वास्थ्य, शिक्षा, पूर्वाधार विकासजस्ता क्षेत्र ओझेलमा परिरहेका छन् । नेपालको सन्दर्भमा पनि कूल गार्हस्थ उत्पादनको ४९ प्रतिशतभन्दा बढी ऋणको अनुपात पुगेको छ भने चालु वर्षको बजेटमा २२ प्रतिशतभन्दा बढी रकम ऋणको साँवाब्याज तिर्न छुट्ट्याइएको छ ।

### व्यापार युद्ध र विश्वव्यापी वित्तीय अस्थिरता

अमेरिका-चीन व्यापार युद्ध, र अन्य राष्ट्रहरूबीचको भूराजनीतिक तनावले विश्व व्यापार प्रवाहलाई अस्थिर बनाएको छ । यस्तो अवस्थामा विकासशील मुलुकहरूको निर्यात क्षमतामा ह्रास आएको छ । विश्वबजारको अनिश्चितता, मुद्रा अवमूल्यन, लगानी प्रवाहमा रोकावटजस्ता समस्याले नेपाली अर्थतन्त्र प्रभावित हुँदै गएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ मा विश्वको आर्थिक वृद्धि केवल २.८ प्रतिशत रहने छ । यस्तो सुस्त अवस्थाले नेपालजस्ता देशका वित्तीय प्रवाह, विनिमय दर र आयात लागतमा गहिरो असर पार्ने छ ।

### जलवायु परिवर्तनको आर्थिक असर

जलवायु परिवर्तनबाट नेपालको कूल गार्हस्थ उत्पादनमा वार्षिक १.५ देखि दुई प्रतिशतसम्मको क्षति भइरहेको छ । सन् २०५० को दशकसम्म यो घाटा तीन प्रतिशत पुग्ने प्रक्षेपण छ । धान, मकै, बाली उत्पादनमा गिरावट, बाढीपहिरोबाट पूर्वाधारको क्षति र पर्यावरणीय संकटले आर्थिक पुनर्निर्माणमा ठूलो बोझ थप्ने छ । जलवायु परिवर्तनले वित्तीय प्रणालीमा जोखिम बढाउने छ, जसले सरकारी र निजी दुवै लगानीमा असहजता ल्याउने सम्भावना छ ।

### दक्षिण एसियाली भूराजनीति र क्षेत्रीय आर्थिक निष्क्रियता

भारत-पाकिस्तान द्वन्द्व र अन्तरक्षेत्रीय अविश्वासका कारण दक्षिण एसियाली क्षेत्रीय व्यापार केवल पाँच प्रतिशतमा सीमित छ । दक्षिणपूर्वी एसियामा यो अनुपात २५ प्रतिशतभन्दा बढी छ । यस्तै नीतिगत अड्चनले साझा पूर्वाधार निर्माण, मूल्य शृंखलामा सहकार्य, र क्षेत्रीय निर्यातमा विविधीकरणमा ठूलो अवरोध खडा गरेको छ । नेपालको अर्थतन्त्र यस्तो असहयोगी भूराजनीतिक घेराबाट पनि प्रभावित हुँदै आएको छ ।

### बजेट व्यवस्थापन र नयाँ सार्वजनिक व्यवस्थापनको आवश्यकता

नेपालको बजेट निर्माण र कार्यान्वयन पद्धति परम्परागत ढर्रामा आधारित छ । उदाहरणस्वरूप, सन् १९८० को दशकमा न्युजिल्याण्डले अपनाएको परिणाममुखी बजेट प्रणाली आज पनि अन्तर्राष्ट्रिय अभ्यासमा अनुकरणीय मानिन्छ । यस ढाँचामा परिणामलाई प्राथमिकता दिइन्छ, नीति र कार्यान्वयनबीच स्पष्ट जिम्मेवारी बाँडफाँड हुन्छ, र वित्तीय पारदर्शितामा जोड दिइन्छ । नेपालको बजेटमा यस्ता अवधारणा अझै प्रभावकारी रूपमा कार्यान्वयन भएको छैन ।

### संरचनागत कमजोरी

नेपालको आर्थिक विकासमा सबैभन्दा ठूलो अवरोध भनेको कम उत्पादकत्व र औद्योगिक क्षेत्रको खस्किँदो अवस्था हो । उत्पादन र रोजगारी सिर्जना गर्नुपर्ने समयमै ती क्षेत्रहरू सुस्त छन् । पर्यटन, कृषि, ऊर्जाजस्ता सम्भाव्य क्षेत्रहरूमा पूर्वाधार अभाव, नीति अस्पष्टता, र निजी क्षेत्रको सहभागिता न्यून छ । रेमिट्यान्समा निर्भरता पनि बढ्दो छ, जसले 'डच डिजिज' को खतरा बढाएको छ । यसले उत्पादन क्षेत्रमा लगानी घटाउँछ र आयातमुखी अर्थतन्त्र बनाउँछ ।

### वित्तीय क्षेत्रको जोखिम र नियमनको चुनौती

नेपालको बैंकिङ क्षेत्रले खराब ऋण, कमजोर नियमन, र पारदर्शिताको अभावको समस्या खेपिरहेको छ । एफएटिएफले नेपालको नियमन प्रणालीलाई असन्तोषजनक मानेर 'ग्रे लिस्ट'मा राखेको छ । यसले अन्तर्राष्ट्रिय लगानीकर्ताको भरोसा गुमाउने र वित्तीय लेनदेनमा अवरोध ल्याउने खतरा बनाएको छ । एफएटिएफले औंल्याएका तीन मुख्य क्षेत्र- घरजग्गा वित्त, सीमापार रेमिट्यान्स, र असामान्य वित्तीय लेनदेनमा स्वचालित निगरानी प्रणाली आवश्यक छ । तर, नेपाल राष्ट्र बैंकको क्षमता अझै सुदृढ बनाइनु आवश्यक छ ।

### ऋणको व्यवस्थापन र खर्चको प्राथमिकता पुनरावलोकन

विकास खर्चमा निकै ढिलाइ हुनु, बजेट खर्चको अधिकांश हिस्सा साधारण खर्चमा जानु र संघ-प्रदेश-स्थानीय तहबीच समन्वयको अभावले समग्र अर्थतन्त्रलाई कमजोर बनाएको छ । चालु खर्चमा ६५ प्रतिशत बजेट छुट्याइँदा पूर्वाधार विकासको सम्भावना सीमित हुन्छ । राजस्व वृद्धिका लागि कर प्रशासनमा सुधार, कर छुट नीतिमा पुनरावलोकन र आर्थिक क्षेत्रको औपचारिकता आवश्यक छ ।

### संघीयता र वित्तीय स्रोतको वितरण

संघीयताको सफल कार्यान्वयनका लागि संघीय, प्रदेश र स्थानीय तहबीचको वित्तीय स्रोतको पारदर्शी वितरण आवश्यक हुन्छ । तर संघको स्रोत खुम्चिँदा प्रदेश र स्थानीय तहको वित्तीय स्वायत्तता संकुचित हुँदै गएको छ । यसले संघीय शासन प्रणालीप्रतिको जनविश्वास घटाउने सम्भावना छ ।

### समाधानका उपायहरू

नीतिगत समन्वय: मौद्रिक, वित्तीय र औद्योगिक नीतिबीच समन्वय आवश्यक छ । परिणाममुखी बजेट प्रणाली: न्युजिल्याण्ड मोडलजस्तै पारदर्शी, जवाफदेही र परिणाममुखी बजेट ढाँचा अपनाउनुपर्छ । निजी क्षेत्रको परिचालन: लगानीमैत्री वातावरण सिर्जना गर्दै विदेशी र स्वदेशी निजी क्षेत्रलाई आकर्षित गर्नुपर्ने छ । संस्थागत सुधार: नियमनकारी संस्थाहरूमा दक्षता वृद्धि, स्वचालित निगरानी प्रणालीको स्थापना र एफएटिएफको मापदण्डअनुसार सुधार कार्यान्वयन आवश्यक छ । जलवायु वित्त: अन्तर्राष्ट्रिय जलवायु कोष र अनुकूलन कार्यक्रमहरूबाट थप स्रोत परिचालन गर्न कूटनीतिक प्रयास गर्नुपर्छ । संघीय वित्तीय प्रणाली सुदृढीकरण: स्पष्ट कार्यविभाजन, स्रोतको समुचित बाँडफाँड र वित्तीय अनुशासन अनिवार्य हुनुपर्छ । नेपालको अर्थतन्त्र चुनौतीको चक्रमा फसेको अवस्था हो । यसबाट निस्कन ठोस नीति, कार्यान्वयन क्षमताको सुधार, र समग्र आर्थिक संरचनामा पुनर्संरचना आवश्यक छ । बाह्य निर्भरता घटाउँदै उत्पादनशीलता र संस्थागत क्षमता विकासमा केन्द्रित भएर मात्र अर्थतन्त्रलाई पुनः लयमा ल्याउन सकिन्छ ।

*(लेखक अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन् ।)*

राष्ट्रिय साप्ताहिक मधेशवाणी 

# आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको पूर्णपाठ

प्रतिनिधिसभाका सम्माननीय सभामुखज्यू,
राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यू,

सार्वभौम नेपाली जनताको सर्वोच्च प्रतिनिधि संस्था सङ्घीय संसदको यस सम्मानित बैठकमा आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु।

यस अवसरमा राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएका आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने आदरणीय नेताहरू र आ-आफ्नो ठाउँबाट योगदान गर्नुहुने दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

संविधानसभाबाट नेपालको संविधान जारी भएसँगै नेपाली राजनीतिको मुख्य कार्यसूची बदलिएको छ। परिवर्तित कार्यसूचीले हामीलाई समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाअनुरूप विकास, समृद्धि, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यमा आधारित समाजवादको दिशामा तीब्र वेगका साथ अघि बढ्न निर्देशित गरिरहेको छ।

तर, पछिल्ला वर्षहरूमा देशको राजनीतिक परिस्थिति अनपेक्षित रूपमा अस्थिर बन्न पुग्यो जसले गर्दा सेवा प्रवाह, सुशासन र विकासको गतिमा प्रतिकूलता सिर्जना हुनुका साथै राष्ट्रको आवश्यकता तथा जनताको अपेक्षा सम्बोधन गर्न कठिन भएको तितो अनुभव हामीसँग छ।

उपयुक्त नीति र राजनीतिक स्थिरताका साथ अघि बढ्न सक्दा देशलाई विकास, समृद्धि र सामाजिक न्यायको मार्गमा अघि बढाउन सकिन्छ भन्ने हाम्रो आफ्नै अनुभवले बताएको छ। संविधान सभाबाट नेपालको संविधान जारी भएपछि इतिहासमा पहिलो पटक तीन वर्षको औसत आर्थिक वृद्धिदर ७.७ प्रतिशत हासिल भएको तथ्य पनि हामीसँग छ।

यही अनुभवको जगमा उभिएर राजनीतिक स्थायित्व सुनिश्चित गर्ने र आर्थिक सामाजिक विकासलाई तीब्रता दिने संकल्पका साथ वर्तमान सरकार गठन भएको हो। गौरवपूर्ण इतिहास र फराकिलो जनाधार भएका र राष्ट्रिय राजनीतिमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका दुई ठूला राजनीतिक दलको अग्रसरतामा यो सरकार बनेको हो। वर्तमान संसदको अंक गणितको सीमाभित्र राजनीतिक स्थिरता र विकासका लागि यो भन्दा अर्को अनुकूल विकल्प छैन भन्ने स्पष्ट छ।

सम्माननीय सभामुखज्यू, सम्माननीय अध्यक्षज्यू,
अब म अर्थतन्त्रको वर्तमान अवस्थाका बारेमा संक्षिप्तमा चर्चा गर्न चाहन्छु।

वर्तमान सरकार गठन हुँदाको समयका समष्टिगत आर्थिक परिचसूचकहरूले अर्थतन्त्र दवावमा रहेको स्पष्ट संकेत गरेका थिए। निरन्तरको प्रयासबाट अर्थव्यवस्था सकारात्मक लयतर्फ उन्मुख भएको छ। गत वर्ष आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ४.६ प्रतिशत हुने प्रक्षेपण छ। उद्योग, निर्माण, थोक तथा खुद्रा व्यापार लगायतका क्षेत्रमा गत आर्थिक वर्षमा ऋणात्मक वृद्धिदर रहेकोमा चालु आर्थिक वर्षमा अर्थतन्त्रका सबै क्षेत्रहरूमा धनात्मक वृद्धिदर हुने अनुमान छ। विद्युत, यातायात तथा भण्डारण र वित्तीय तथा बीमा सेवा लगायतमा उल्लेखनीय वृद्धिदर हासिल हुने अनुमान छ।

चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा ३३९ मेगावाट थप विद्युत उत्पादन भएको छ। सम्वत् २०८२ वैशाखसम्म पर्यटक आगमनको सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १३ प्रतिशतले वृद्धि भई ९ लाख २३ हजार पुगेको छ।

सरकारले कार्यभार सम्हाल्दा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको चैत महिनामा ३.४ प्रतिशतमा सीमित रहेको छ। प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन गत वर्ष १४४३ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्षमा १४९६ अमेरिकी डलर पुग्ने अनुमान छ।

यस आर्थिक वर्षको शुरूका नौ महिनामा चालु खाता रु. २१० अर्बले बचतमा रहेको छ। शोधानान्तर बचत रु. ३४६ अर्ब छ। गत आर्थिक वर्षको अन्त्यमा १५ अर्ब २७ करोड अमेरिकी डलर रहेको कुल विदेशी विनिमय सञ्चिति चालु आर्थिक वर्षको शुरूका नौ महिनामा १७ अर्ब ६३ करोड अमेरिकी डलर पुगेको छ।

चालु आर्थिक वर्षको शुरूका नौ महिनामा वस्तु आयात १२.२ प्रतिशत र निर्यात ६५.२ प्रतिशतले वृद्धि भएको छ। साथै, विप्रेषण आप्रवाह १० प्रतिशतले वृद्धि भई रू. ११९१ अर्ब पुगेको छ। बैंक तथा वित्तीय संस्थामा जाने कर्जाको वृद्धिदर गत वर्ष ५.८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको शुरूका नौ महिनामा ७.१ प्रतिशतले वृद्धि भएको छ। सोही अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ५.७ प्रतिशतले वृद्धि भएको छ।

गत वर्षको चैतमा ८.५ प्रतिशत रहेको वाणिज्य बैंकहरूको औसत आधार दर २०८१ चैतमा ६.३ प्रतिशत कायम भएको छ। ब्याजदर घटेको र बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य वित्तीय साधन पर्याप्त रहेकाले निजी लगानी विस्तारका लागि अनुकूल अवस्था सिर्जना भएको छ। नेप्से सूचकांक सम्वत् २०८० चैतमा २०२५ रहेकोमा सम्वत् २०८१ चैत्रमा २६६२ कायम भएको छ।

चालु आर्थिक वर्षमा कुल सरकारी खर्च विनियोजनको ८९.४ प्रतिशत अर्थात रु. १६ खर्ब ६२ अर्ब ३७ करोड हुने संशोधित अनुमान छ। चालु खर्च तर्फ विनियोजनको ८८.५ प्रतिशत, पुँजीगत खर्च विनियोजनको ८३.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ विनियोजनको ९७.६ प्रतिशत रहने संशोधित अनुमान छ।

आर्थिक वर्ष २०८१/८२ मा राजस्व परिचालन १७.१ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब ६७ अर्ब ३९ करोड हुने अनुमान छ। वैदेशिक सहायतामा अनुदान रु. ३४ अर्ब ८९ करोड र ऋण रु. १ खर्ब ६९ अर्ब ६० करोड परिचालन हुने संशोधित अनुमान छ।

चालु आर्थिक वर्षका लागि आन्तरिक ऋणबाट रु. ३ खर्ब ३० अर्ब व्यहोर्ने अनुमान रहेकोमा वैशाख मसान्तसम्म रु. ३ खर्ब ६० करोड परिचालन गरिएको छ।

नेपालको अर्थतन्त्रका महत्त्वपूर्ण परिसूचक र तथ्याङ्कहरूको विवरण समावेश भएको आर्थिक सर्वेक्षण २०८१/८२, मन्त्रालयगत प्रगति विवरण र सार्वजनिक संस्थानको वित्तीय अवस्था यस सम्मानित सदनमा पेश गरिसकेको छु।

आर्थिक परिसूचकहरू सुधारोन्मुख भएता पनि नेपालको अर्थतन्त्र संरचनागत चुनौती र विगतका कमजोरीहरूको असरबाट भने मुक्त हुन सकेको छैन।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय
अब म मुलुकको अर्थतन्त्रमा विद्यमान प्रमुख चुनौतीहरूका सम्बन्धमा चर्चा गर्ने अनुमति चाहन्छु।

समयमै पर्याप्त कानूनी व्यवस्था गर्न नसक्दा र अनुसन्धान तथा अभियोजन प्रभावकारी हुन नसक्दा मुलुक सम्पत्ति शुद्धीकरणको सघन अनुगमन सूचीमा परेको छ।

परम्परागत खेती प्रणालीमा अपेक्षित सुधार हुन नसक्दा कृषि क्षेत्रको उत्पादकत्व न्यून रहेको छ भने युवामा खेती गर्ने आकर्षण बढ्न सकेको छैन। नवप्रवर्तन र प्रविधिको उपयोगको कमी, न्यून उत्पादकत्व र अधिक उत्पादन लागतले गर्दा कुल राष्ट्रिय आयमा उत्पादनमूलक क्षेत्रको योगदान अपेक्षा गरेअनुरूप हुन सकेको छैन। समग्र मागमा आएको कमिले गर्दा उद्योग क्षेत्र पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन। भौतिक पूर्वाधारमा गरिएको लगानी आर्थिक क्रियाकलाप विस्तारमा प्रतिबिम्बित हुन नसक्दा उत्पादन वृद्धिमा वाञ्छित योगदान पुग्न सकेको छैन। जलवायु परिवर्तनको नकारात्मक असर कृषि, खानेपानी, सिँचाइ लगायतका क्षेत्रमा बढ्दै गइरहेको छ। डिजिटल पूर्वाधारको कमीले डिजिटल अर्थतन्त्र विकासको गति सुस्त रहेको छ। मुलुकको श्रम बजार र उत्पादित जनशक्तिको सीपबीच सामाञ्जस्यता कायम हुन सकेको छैन। औद्योगिक र निर्माण क्षेत्रमा आवश्यक जनशक्ति विदेशबाट आपूर्ति भइरहेको छ। स्वदेशमा पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसक्दा दक्ष र अर्धदक्ष जनशक्ति समेत विदेश पलायन हुने प्रवृत्ति चिन्ताजनक अवस्थामा छ। गरिबीको रेखामुनिको जनसङ्ख्याको अनुपात अझै उच्च छ।

मुलुकको कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको योगदान अपेक्षित मात्रामा बढ्न सकेको छैन। लगानी जोखिम व्यवस्थापन गर्न विकसित भएका नयाँ नयाँ वित्तीय उपकरणहरूलाई प्रभावकारी रूपमा परिचालन गर्न सकिएको छैन। उत्पादनमूलक क्षेत्रमा आवश्यक मात्रामा वित्तीय साधन प्रवाह हुन सकेको छैन। नियामक निकायहरूको भूमिकालाई प्रभावकारी बनाउने र वित्तीय जोखिम न्यून गर्ने चुनौती छ। पहिलोपटक सम्पन्न भएको मुलुकको क्रेडिट रेटिङबाट तुलनात्मक रूपमा अनुकूल नतिजा प्राप्त भए तापनि त्यसबाट लाभ लिन बाँकी नै छ। नीतिगत र कानूनी सुधार गरिए पनि अपेक्षाकृत रूपमा विदेशी पुँजी र प्रविधि आकर्षित हुन सकेको छैन।

निर्यात विस्तार र विविधीकरण हुन नसक्दा उच्च व्यापार घाटा कायमै छ। कमजोर उत्पादन क्षमताले गर्दा उपभोग्य बस्तुको आयात उच्च छ। पर्यटन, सूचना प्रविधि लगायतका क्षेत्रबाट सेवा निर्यात हुने उच्च सम्भावनाको अपेक्षित लाभ लिन सकिएको छैन। विप्रेषणको उच्च भूमिका रहेको वाह्य क्षेत्रलाई दिगो रूपमा सन्तुलनमा राख्ने चुनौति छ।

विकासका लागि राजस्व वचत न्यून हुँदै गएको छ। आम्दानीका स्रोतहरू साँघुरिदै गएका छन्। राजस्वको वर्तमान संरचनालाई आन्तरिक उत्पादनमा आधारित, फराकिलो र दिगो बनाउने चुनौती छ। विनियोजन कुशलता कायम गर्न सकिएको छैन। चालु खर्च उच्च रहँदा परम्परागत स्रोतबाट पुँजीगत खर्च जुटाउन चुनौतीपूर्ण बन्दै गएको छ। कार्यान्वयन पक्ष कमजोर हुँदा आयोजना सम्पन्न गर्न लामो समय र बढी लागत लाग्ने अवस्था रहेको छ। स्रोतको आवश्यक प्रबन्ध नहुँदा विकास कार्यक्रम तथा आयोजनाहरू घोषणामा सीमित हुने जोखिम बढेको छ। सार्वजनिक ऋणको बढ्दो परिमाणले ऋणको दिगोपना कायम गर्ने चुनौती थपेको छ।

सार्वजनिक प्रशासनलाई व्यावसायिकरण गर्न नसक्दा सेवा प्रवाहको गुणस्तरमा अपेक्षित सुधार हुन सकेको छैन। सार्वजनिक सेवामा ढिलासुस्ती, जिम्मेवारी बोधको कमी, परम्परागत निर्णय प्रक्रिया र अन्तर निकाय समन्वय कमजोर हुँदा सुशासन कायम गर्ने चुनौती छ।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,
उल्लिखित चुनौतीहरूको सामना गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन देहायबमोजिमको प्रतिवद्धता प्रस्तुत गर्दछु:

मुलुकलाई निर्धारित समय अगावै सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको निगरानी सूचीबाट बाहिर निकाली अर्थतन्त्रको विश्वसनीयता अभिवृद्धि गर्नु सरकारको महत्त्वपूर्ण कार्यसूची हुन पुगेको छ। पहिलो सार्वभौम क्रेडिट रेटिङ्गबाट प्राप्त भएको उत्साहजनक नतिजालाई वाह्य पुँजी परिचालनका लागि उपयोग गर्दै माथिल्लो रेटिङ्ग प्राप्त गर्न आर्थिक सुधारका थप कार्यक्रम अघि बढाइनेछ।

निजी क्षेत्रको मनोवल बढाउन र लगानीको वातावरण सिर्जना गर्न अध्यादेश मार्फत कानूनहरूमा गरिएको सुधारबाट निजी क्षेत्र उत्साहित भएको छ। सार्वजनिक लगानीलाई प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गरी निजी क्षेत्रको पुँजी र प्रविधि आकर्षित गर्दै आर्थिक क्रियाकलापमा गुणात्मक वृद्धि गरिनेछ। आर्थिक वृद्धिका लागि उच्च योगदान गर्ने क्षेत्रमा थप नीतिगत, कानूनी र प्रक्रियागत सुधार गर्दै निजी क्षेत्रलाई आर्थिक समृद्धिको प्रमुख संवाहकको भूमिकामा स्थापित गरिनेछ। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ को प्रतिवेदन क्रमश: कार्यान्वयन गरिनेछ।

सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न र सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति भए पश्चात हुन सक्ने लगानीको न्यूनता पूरा गर्न स्रोतको विविधीकरण गरिनेछ। राजस्व प्रशासनलाई व्यावसायिक र राजस्व प्रणालीलाई सुदृढ बनाइनेछ। सार्वजनिक ऋणलाई उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गरिनेछ। अनुपयुक्त आयोजना कटौती गरी प्राथमिकता प्राप्त र नतिजामूलक आयोजना कार्यान्वयनलाई उच्च महत्त्व दिइनेछ। विकास वित्तको न्यूनता पूर्ति गर्न वैकल्पिक वित्तका नवीन र सम्भाव्य उपकरणहरूको उपयोग गरिनेछ।

प्रतिस्पर्धी वस्तु तथा सेवाको निर्यात वृद्धि र उपभोग्य वस्तुको आन्तरिक उत्पादन प्रवर्द्धन मार्फत व्यापार सन्तुलनमा जोड दिइनेछ। वैदेशिक रोजगारीमा रहेका विशेषज्ञ र सीपयुक्त नेपालीलाई स्वदेशमै उद्यमशील र स्वरोजगार बन्न आकर्षित गरिनेछ। नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गरी युवा लक्षित रोजगारी सिर्जना गर्न उच्च प्राथमिकता दिइनेछ।

वर्तमान सरकार गठन भएपछि हासिल भएका सकारात्मक परिणामको जगमा थप उपलब्धि हासिल गर्न, जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन, सबै प्रकारका निराशा चिर्न र आम जनतामा आशा जगाउन सरकार दृढ संकल्पित छ। प्रस्तुत बजेट अर्थतन्त्रको विस्तार र आर्थिक अवसर सिर्जना गर्ने मुख्य ध्येयका साथ तर्जुमा गरेको छु।

नेपालको संविधानमा उल्लिखित अधिकारका सूची, आवधिक योजना, सरकारको साझा संकल्प तथा नीतिगत प्रतिवद्धता, यस सम्मानित सदनबाट पारित भएको नेपाल सरकारको नीति तथा कार्यक्रम, माननीय सदस्यहरूले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा व्यक्त गर्नुभएका विचार, संसदका विषयगत समितिहरू, निजीक्षेत्र, विद्धत समुदाय र जनस्तरबाट प्राप्त सुझावलाई बजेट तर्जुमाको आधार बनाएको छु।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,
अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

बजेटका उद्देश्य देहायबमोजिम छन्:
उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने,
उद्यमशीलता विकास र सार्वजनिक तथा निजी लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने,
आधुनिक प्रविधिको प्रयोग बढाउँदै आर्थिक दक्षता वृद्धि गर्ने,
सामाजिक संरक्षण एवम् विकासका माध्यमबाट सामाजिक न्याय कायम गर्ने र
गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने।

बजेटका प्राथमिकता देहायबमोजिम छन्:
उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि,
प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार,
सामाजिक क्षेत्रमा गुणात्मक सुधार,
सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता र
नागरिकमैत्री सेवा, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,
अब म नेपालको संविधानको धारा ६० बमोजिम वित्तीय हस्तान्तरणसम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु:

वित्तीय समानीकरण अनुदानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा प्रदेशका लागि रु. ६० अर्ब ६६ करोड र स्थानीय तहका लागि रु. ८८ अर्ब ९७ करोड हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु। सशर्त अनुदान प्रदेशका लागि रु. ३० अर्ब ३५ करोड र स्थानीय तहको लागि रु. २ खर्ब ११ अर्ब ४६ करोड गरी जम्मा रु. २ खर्ब ४१ अर्ब ८१ करोड विनियोजन गरेको छु।

प्रदेश र स्थानीय तहलाई पूर्वाधार आयोजना कार्यान्वयनका लागि समपूरक अनुदान क्रमश: रु. ३ अर्ब २८ करोड र रु. १० अर्ब ६ करोड विनियोजन गरेको छु। विशेष अनुदान प्रदेशका लागि रु. ३ अर्ब २७ करोड र स्थानीय तहका लागि रु. ९ अर्ब ७८ करोड विनियोजन गरेको छु। सशर्त, समपूरक र विशेष अनुदान कार्यसम्पादनका आधारमा हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँटबाट रु. १ खर्ब ६५ अर्ब हस्तान्तरण हुने अनुमान छ। राजस्व बाँडफाँट र अनुदान गरी प्रदेश र स्थानीय तहमा आगामी आर्थिक वर्षमा रु. ५ खर्ब ८२ अर्ब ८३ करोड हस्तान्तरण हुने अनुमान छ।

अब म बजेटका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु।

कृषिमा आधुनिकीकरण: अर्थतन्त्रमा रूपान्तरण
कृषि क्षेत्रको व्यवसायीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। स्थानीयस्तरमा उत्पादित स्वस्थ र पोषणयुक्त खाद्य वस्तुको उपभोग प्रवर्द्धन गरिनेछ। खाद्य सम्प्रभुता प्रत्याभूत गरिनेछ। कृषि क्षेत्रमा आश्रित अतिरिक्त श्रम शक्तिलाई उत्पादनशील क्षेत्रमा रूपान्तरण गरिनेछ।

सामूहिक, सहकारी र निजी फर्म मार्फत खेतीयोग्य भूमिको अधिकतम उपयोग गरिनेछ। प्रमुख खाद्यान्न, तरकारी, फलफूल, दूध र मासुजन्य उत्पादनमा आत्मनिर्भर हुने गरी ठोस कार्यक्रम सञ्चालन गरिनेछ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत कृषि तथा पशुपालनतर्फका २१ सुपरजोन र २०६ जोनमा सिँचाइ, मल, बिउ र प्रविधिका लागि पुँजीगत अनुदान तथा सहुलियत उपलब्ध गराउन रु.३ अर्ब ५० करोड विनियोजन गरेको छु। यस कार्यक्रम मार्फत ४ हजार ८ सय ५० हेक्टर जमिनमा उन्नत प्रविधिसहित १५ बालीवस्तुको क्षेत्र विस्तार गरिनेछ। साना सिँचाइ पूर्वाधार विकास गरी थप ६ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराइनेछ। प्रदेश तहबाट ब्लक र स्थानीय तहबाट पकेट क्षेत्रको कार्यक्रम सञ्चालन गर्न पुँजीगत अनुदानको व्यवस्था गरेको छु।

हाल सञ्चालित जोन र सुपरजोनको दायरा विस्तार गरिनेछ। निजी, सामूहिक, करार र सहकारी मार्फत सुपरजोन वा जोन सरहको क्षेत्रफलमा व्यावसायिक खेती वा पशुपालन गरेमा सोही बराबरको अनुदान सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

दुई वर्षभित्र चामलमा आत्मनिर्भर हुन तराई र भित्री मधेशका २२ जिल्लामा चैते धान खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट थप १२ लाख मेट्रिक टन धान उत्पादन हुने अपेक्षा गरेको छु। चैते धान खेतीका लागि सिँचाइ पूर्वाधार निर्माण गर्न रु. ३३ करोड विनियोजन गरेको छु।

लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका मध्य तथा उच्च पहाडी जिल्लाका ८० स्थानीय तहमा उच्च मूल्यका बालीवस्तुको खेती प्रवर्द्धन गरिनेछ। यसका लागि रु. ८३ करोड विनियोजन गरेको छु।

रासायनिक मलको आपूर्ति वृद्धि गरी ६ लाख मेट्रिक टन पुऱ्याइनेछ। रासायनिक मलमा अनुदानका लागि रु. २८ अर्ब ८२ करोड विनियोजन गरेको छु। लगानी बोर्ड मार्फत रासायनिक मल कारखाना स्थापना गर्न आवश्यक तयारी गरिनेछ। माटोको गुणस्तर कायम राखी उत्पादकत्व वृद्धि गर्न प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि रु. ४० करोड विनियोजन गरेको छु।

पुष्पलाल मध्यपहाडी राजमार्ग र मदन भण्डारी राजमार्गको आसपासका कृषियोग्य बाँझो जमिनमा उत्पादन प्रवर्द्धन गरिनेछ। यस अन्तर्गत नगदेबाली, पशुपालन, उच्च मूल्यका फलफूल, गैरकाष्ठ वन पैदावार, घाँस तथा कृषि वन प्रणालीको विस्तार गर्न रकम विनियोजन गरेको छु।

बाली लगाउने समयभन्दा १५ दिन अगावै धान, मकै, गहुँ, उखु, कफी लगायतका उत्पादनको समर्थन मूल्य तोकिनेछ। ती वस्तुको बजार अभाव भएको अवस्थामा खाद्य तथा व्यापार कम्पनी लिमिटेड मार्फत खरिद गर्ने व्यवस्था मिलाइनेछ। बाली लगाएपछि अग्रिम कृषि उपज खरिद सम्झौता गरिनेछ।

खाद्यान्न, तरकारी, फलफूल, मासु र दूधजन्य पदार्थ बजारमा बिक्री गर्नुपूर्व अनिवार्यरूपमा गुणस्तर तथा विषादी परीक्षण गर्ने व्यवस्था मिलाइनेछ। थोक बजार केन्द्रमा द्रुत विषादी परीक्षण विधिबाट ताजा तरकारी तथा फलफूलमा विषादी अवशेष परीक्षण गरी अखाद्य देखिएमा तत्काल नष्ट गर्ने व्यवस्था मिलाइनेछ। विषादी परीक्षणका लागि थप जनशक्ति र उपकरणको व्यवस्था तथा मोवाइल टोली परिचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

माटोको उर्वराशक्तिमा सुधार गरी उपयुक्त खेती प्रवर्द्धन गर्न घुम्ती टोली मार्फत माटो परीक्षण शिविर सञ्चालन गरिनेछ। स्थानीय तथा रैथाने बिउबालीको जात दर्ता र खेती विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ।

अर्गानिक फलफूल, तरकारी, मासु लगायत उच्च मूल्यका कृषि उपजको निर्यात वृद्धि गर्न प्लाण्ट, खाद्य तथा पशु क्वारेन्टाइन र प्रयोगशालाको गुणस्तर सुधार गरी अन्तर्राष्ट्रिय मान्यता प्राप्त बनाइनेछ।

कृषि उपजको प्रयोगशाला परीक्षण र प्राङ्गारिक प्रमाणीकरण शुल्कमा सहुलियत प्रदान गरिनेछ। खोरेत रोगमुक्त क्षेत्र घोषणाका लागि सिन्धुली र मकवानपुर जिल्लामा जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेशनका कार्यक्रम सञ्चालन गरिनेछ।

बाँदर, बँदेल, निलगाईजस्ता जङ्गली जनावरबाट खेतीबालीमा हुने नोक्सानी कम गर्न नियन्त्रणका उपायहरू अवलम्बन गरिनेछ। बाँदरको जोखिम रहेका क्षेत्रमा सिमल तरुल, बेसार, चिया, कफी, अदुवा, खुर्सानी लगायतका खेती गर्न प्रोत्साहन गरिनेछ। पुष्प उत्पादनलाई प्रोत्साहित गरिनेछ।

भूमि, कृषि सामग्री, बीमा, खरिद सम्झौता र बजारको सुदृढ इकोसिस्टम विकास गरी युवालाई कृषिमा आकर्षित गरिनेछ। कृषि अनुसन्धानलाई मुलुकको मौसम र खेती प्रणालीअनुरूप हुने र किसानले लाभ लिन सक्ने गरी नतिजामूखी बनाइनेछ। गुणस्तरीय बिउ बिजनको जातीय अनुसन्धान तथा विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। कृषि अनुसन्धानबाट प्राप्त बौद्धिक सम्पत्ति दर्ता गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

मासु निर्यातको सम्भावनालाई प्रवर्द्धन गर्न ठूला फार्ममा पशुपालन र गुणस्तरीय मासु उत्पादनमा जोड दिइनेछ। नश्ल सुधारका कार्यक्रम मार्फत ८ लाख ५० हजार कृत्रिम गर्भाधान गराई पशुपालनको उत्पादकत्व वृद्धि गरिनेछ। पशुपन्छीमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आगामी आर्थिक वर्षमा ५ करोड ५० लाख डोज खोप उत्पादन गरिनेछ। यसका लागि रु. ८५ करोड विनियोजन गरेको छु।

आगामी आर्थिक वर्षमा ४ करोड २८ लाख माछाका भुरा उत्पादन र १० लाख फलफूलका बेर्ना वितरण गरिनेछ। उच्च सम्भावना रहेका २० स्थानीय तहमा कफी नर्सरी स्थापना गरी १० लाख बिरूवा वितरण गरिनेछ।

राष्ट्रिय खाद्य सुरक्षा भण्डारण र सार्क खाद्य सुरक्षा बैंकमा आवश्यक परिमाणमा खाद्य भण्डारण गर्ने व्यवस्था मिलाएको छु। कृषि उपजको सुरक्षित ढुवानी, भण्डारण र सहज बजार पँहुचका लागि सरकारी र निजी क्षेत्रको सहलगानीमा पूर्वाधार विकास गरिनेछ। मूल्य श्रृङ्खलाको लाभ उत्पादक किसानले प्राप्त गर्ने गरी आपूर्ति प्रणाली र बजार सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ।

निर्माणाधीन नौ ठूला कृषि बजारको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। रूपन्देहीको सेमलारमा कृषि उपजको संकलन, प्रशोधन, बजारीकरण र निर्यात प्रवर्द्धनका लागि आधुनिक पूर्वाधार निर्माण शुरू गरिनेछ।

अलैंची, चिया, कफी, अदुवा, बेसार, सुन्तला, अकबरे खुर्सानी, छुर्पी र दुग्ध पदार्थ लगायतको गुणस्तर मापदण्ड निर्धारण, प्रयोगशाला परीक्षण र ब्राण्डिङ्गको व्यवस्था गरी निर्यात प्रवर्द्धन गरिनेछ।

कृषि तथा पशुपन्छी बीमा कार्यक्रममा साना तथा मझौला किसानको पहुँच विस्तार गरिनेछ। बाली तथा पशु बीमाको प्रिमियममा दिइने अनुदानका लागि रु. २ अर्ब ३० करोड विनियोजन गरेको छु।

मौसम पूर्वानुमान, कृषि उपजको मूल्य र कृषि सामग्रीको उपलब्धताका सम्बन्धमा किसानलाई नियमित सूचना उपलब्ध गराउन "किसान एप" को विकास र एसएमएस सेवालाई व्यवस्थित गरिनेछ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि रु. ५७ अर्ब ४८ करोड विनियोजन गरेको छु।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण
भूमिसम्बन्धी कानूनमा संशोधन गरी भूमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या स्थायीरूपमा समाधान गरिनेछ। आगामी आर्थिक वर्षभित्र लगत संकलन र प्रमाणीकरण गरी पाँच लाख परिवारलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराइनेछ। यसका लागि स्रोत, साधन र जनशक्तिको अभाव हुन दिइनेछैन।

सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक र संरक्षण गरिनेछ। कृषियोग्य भूमि बाँझो राख्न नपाइने नीति लिइनेछ। कृषियोग्य भूमिको उपयोग गर्न भूमि बैंकसम्बन्धी कानूनी तथा संस्थागत प्रबन्ध गरिनेछ। आगामी आर्थिक वर्षमा कम्तीमा एक सय स्थानीय तहमा भूमि बैंक स्थापना गरिनेछ। जग्गाधनीले जग्गा लिजमा दिन चाहेमा स्थानीय तहसँग करार सम्झौता गर्ने व्यवस्था मिलाइनेछ। भूमि बैंकमा अभिलिखित जग्गा व्यावसायिक कृषिका लागि स्थानीय तहसँग करार सम्झौता गरी प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ।

स्थानीय तह मार्फत भू-उपयोग क्षेत्र वर्गीकरण गरी भू-उपयोग योजना तर्जुमा गरिनेछ। लाईडार प्रविधिबाट गरिने नापनक्सा कार्यलाई विस्तार गरिनेछ। लाईडार सर्भेको तथ्याङ्कलाई पूर्वाधार निर्माण आयोजनाको सम्भाव्यता अध्ययन तथा डिजाइन प्रयोजनको लागि समेत प्रयोग गरिनेछ। नापनक्सा व्यवस्थित गर्न सेटलाईट प्रविधिमा आधारित राष्ट्रिय नियन्त्रण विन्दुहरूको सञ्जाल सुदृढ गरिनेछ।

भूमिसुधार तथा मालपोत र नापी कार्यालयका अभिलेखहरूलाई डिजिटाइज गरिनेछ। भू-सूचना प्रणालीलाई स्तरोन्नति गरी सबै कार्यालयमा विस्तार गरिनेछ। बैंक, वित्तीय र सहकारी संस्थाबाट गरिने रोक्का र फुकुवासम्बन्धी कार्य अनलाइन प्रणालीबाट हुने व्यवस्था मिलाइनेछ।

सहकारी संस्थाहरूको वर्गीकरण, एकीकरण र संरचनागत सुधार गरिनेछ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋण सहकारी संस्थाहरूको प्रभावकारी नियमन गरिनेछ।

सहकारी संस्थामा रहेको पाँच लाखसम्मको बचत रकमको निक्षेप तथा कर्जा सुरक्षण कोष मार्फत निक्षेप सुरक्षण गरिनेछ। सहकारीको रकम अपचलन गर्नेको सम्पत्ति लिलाम बिक्री गरी प्राप्त हुने रकम बचतकर्तालाई फिर्ता गर्न चक्रीय कोष स्थापनाका लागि बीउ पुँजीको व्यवस्था गरेको छु। सहकारी ऋण असुली न्यायाधिकरण स्थापना गरिनेछ। समस्याग्रस्त सहकारीका सञ्चालक, पदाधिकारी र कर्जा अपचलनकर्ताको सम्पत्ति एवम् राहदानी रोक्का गरिनेछ।

राज्य सुविधा परिचयपत्रका लागि आवश्यक विवरण सम्बन्धित परिवारले स्वघोषणा गर्ने र हरेक पाँच वर्षमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ। उक्त विवरणलाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आवद्ध गरिनेछ। गलत विवरण घोषणा गरी राज्य सुविधा प्राप्त गर्ने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुनेछ। आगामी आर्थिक वर्षभित्र विवरण संकलन र परिचयपत्र वितरणको काम सम्पन्न गर्न सशर्त अनुदान उपलब्ध गराएको छु।

निरपेक्ष गरिबीको अन्त्य गर्न सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको लागि रु. ७ अर्ब ४९ करोड विनियोजन गरेको छु।

उद्योग, व्यापार र लगानी प्रवर्द्धन
औद्योगिक उत्पादन तथा उत्पादकत्व वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाइनेछ। नीतिगत स्थायित्व, लगानीको सुरक्षा र असल औद्योगिक सम्बन्ध कायम गरी औद्योगिकीकरणलाई तीब्रता दिइनेछ।

व्यावसायिक वातावरणमा सुधार गरी निजी लगानी प्रवर्द्धन गर्न र रोजगारी सिर्जना गर्न आवश्यक कानूनी, नीतिगत र प्रक्रियागत सुधारलाई उच्च प्राथमिकता दिइनेछ। लघु, घरेलु, साना र मझौला उद्योगको प्रवर्द्धन गरी उत्पादित वस्तु र सेवाको ब्राण्डिङ्ग गरिनेछ। उद्योग क्षेत्रमा नवीनतम् प्रविधि प्रोत्साहन गर्न र इण्डष्ट्री फोरको अवधारणा कार्यान्वयन गर्न सहयोग र सहजीकरण गरिनेछ।

काम खोज्ने होइन, काम दिने युवाको सङ्ख्या वृद्धि गर्न नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमशीलता प्रवर्द्धन गरिनेछ। जेन-जी पुस्तालाई उद्यमशील र व्यावसायिक बनाउन सरकार, विश्वविद्यालय र निजी क्षेत्रसँगको सहकार्यमा इन्कुवेशन सेन्टर सञ्चालन गरिनेछ। स्टार्टअप उद्यमीलाई सीप विकास, व्यवसाय विस्तार, बजारीकरण र मूल्य श्रृङ्खलामा आवद्ध गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रम विस्तार गरेको छु। यसका लागि तीन प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउन रु. ७३ करोड विनियोजन गरेको छु।

दलित समुदायको परम्परागत सीप, कला र पेशाको संरक्षण गर्दै रोजगारी र आय आर्जनका अवसर सिर्जना गर्न "भगत सर्वजित उद्यमशीलता विकास कार्यक्रम" सञ्चालन गरिनेछ। आधुनिक प्रविधिको प्रयोग गरी सुन, चाँदी, काँस, तामा, फलाम, छाला, काठ, पत्थर लगायतका सामग्री उत्पादन र बजारीकरण गरिनेछ। यसका लागि पुँजीगत अनुदान, सहुलियतपूर्ण कर्जा र सीप विकास तालिम उपलब्ध गराउन रु. ५० करोड विनियोजन गरेको छु।

सुन चाँदीको गहना निकासी गर्ने उद्योगलाई वण्डेड वेयर हाउसको सुविधा उपलब्ध गराइनेछ। यस्ता उद्योगले निकासी मूल्यको न्यूनतम ५० प्रतिशत विदेशी मुद्रा अग्रिम भुक्तानी प्राप्त गरेमा सो रकम बराबरको सुन चाँदी खरिद गर्न सक्ने व्यवस्था मिलाइनेछ।

उद्योग व्यवसाय सम्वद्ध सार्वजनिक सेवालाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ। कम्पनीको दर्तादेखि बहिर्गमनसम्मका सबै कार्य एकल विन्दुबाट सम्पादन हुने व्यवस्था मिलाइनेछ।

विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा नयाँ उद्योग स्थापना गर्ने अनुमति प्राप्त उद्योगलाई शुरूका तीन वर्षको भाडा छुट दिइनेछ। विशेष आर्थिक क्षेत्रको मासिक भाडादर प्रति वर्ग मिटर रु. २० बाट घटाई रु. ५ कायम गरिनेछ। औद्योगिक क्षेत्रका उद्योगले उत्पादनको तीस प्रतिशतभन्दा बढी निर्यात गरेमा विशेष आर्थिक क्षेत्रका उद्योग सरहको सुविधा दिइनेछ।

औद्योगिक क्षेत्र निर्माण गर्ने कम्पनीलाई जलविद्युत उत्पादन कम्पनी सरह र त्यस्तो औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगलाई विशेष आर्थिक क्षेत्रका उद्योग सरहको सुविधा उपलब्ध गराइनेछ। औद्योगिक क्षेत्रको लागि निर्धारित मासिक भाडादरमा ५० प्रतिशत कटौती गरिनेछ। औद्योगिक पूर्वाधार निर्माणका लागि रु. १ अर्ब ५५ करोड विनियोजन गरेको छु।

काठमाडौँ उपत्यकामा सञ्चालित उद्योगहरूलाई उपत्यका बाहिरका औद्योगिक क्षेत्रमा स्थानान्तरण गरी राजधानीको प्रदूषण नियन्त्रण गर्न प्रोत्साहित गरिनेछ। त्यस्ता उद्योगलाई निःशुल्क लिजमा जग्गा उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

जग्गा प्राप्ति र हदबन्दीसम्बन्धी कानूनको पुनरावलोकन गरिनेछ। उद्योग व्यवसाय, कृषि फार्म र हाउजिङ्ग अपार्टमेन्टका लागि हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न पाउने व्यवस्था मिलाइनेछ। अनुमति प्राप्त गरी निर्माण सम्पन्न भएका तर हदबन्दीका कारणले बिक्री हुन नसकेका हाउजिङ्ग तथा अपार्टमेन्टहरू बिक्री गर्न पाउने व्यवस्था मिलाइनेछ।

प्रत्यक्ष वैदेशिक लगानीका लागि नेपाललाई उत्कृष्ट गन्तव्य स्थलमा विकास गरिनेछ। लगानी सम्भावना भएका मुलुकहरूसँग लगानी प्रवर्द्धन एवम् दोहोरो कर मुक्ति सम्झौता गरिनेछ। वैदेशिक लगानी भित्र्याउने र नाफा फिर्ता लैजाने प्रक्रियालाई सरल बनाइनेछ। राष्ट्रिय प्राथमिकताको क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न एंकर इन्भेष्टमेण्टको नीति लिइनेछ।

सार्वजनिक निजी साझेदारीलाई सुदृढ बनाउन कानूनी सुधार गरिनेछ। लगानी बोर्ड अन्तर्गत स्वचालित एकल विन्दु सेवा केन्द्र स्थापना गरिनेछ। प्राथमिकता प्राप्त क्षेत्रका आयोजनाहरूमा लगानी आकर्षित गर्न भायाविलिटी ग्याप फण्डिङ्गको व्यवस्था गरिनेछ। लगानी बोर्डले सङ्घका साथै प्रदेश र स्थानीय तहमा समेत सार्वजनिक निजी साझेदारीको अवधारणाअनुरूप स्रोत व्यवस्थापन, आयोजनाको छनौट र कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिनेछ। यसका लागि लगानी बोर्ड अन्तर्गत सार्वजनिक निजी साझेदारी निर्देशनालय स्थापना गरिनेछ।

नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ता, वहुराष्ट्रिय कम्पनी, अन्तर्राष्ट्रिय संस्था र तिनका शाखाले कार्यालय वा आवास प्रयोजनका लागि भवन वा अपार्टमेन्ट लिजमा लिन पाउने कानूनी व्यवस्था गरिनेछ।

लगानी बोर्डको संस्थागत क्षमता विकास गरिनेछ। आर्थिक वर्ष २०८२/८३ भित्र निजी क्षेत्रसँग रु. ७ खर्ब बराबरको परियोजना विकास सम्झौता र रु. ४ खर्ब बराबरका आयोजनाको निर्माण कार्य थालनी गरिनेछ। लगानी बोर्ड, नेपालका लागि रु. ७४ करोड विनियोजन गरेको छु।

नेपाली व्यवसायी वा कम्पनीलाई विदेशमा बिक्री शाखा वा अर्धप्रशोधित सामग्री निर्यात गरी प्रशोधन कारखाना स्थापना गर्न अनुमति दिइनेछ। यसका लागि निर्यातबाट हुने वार्षिक आम्दानीको २५ प्रतिशतसम्म विदेशमा लगानी गर्न पाउने कानूनी व्यवस्था गरिनेछ। यस्तो व्यवसायबाट आर्जन हुने मुनाफाको ५० प्रतिशत देशभित्र फिर्ता गर्नुपर्ने व्यवस्था गरिनेछ। विदेशमा गरिने लगानी स्वीकृतिको जिम्मेवारी लगानी बोर्डमा रहने व्यवस्था गरिनेछ।

नेपाली नागरिकले विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा सेवा उपलब्ध गराए बापत स्वेट शेयर लिन पाउने कानूनी व्यवस्था गरिनेछ।

लगानी बोर्ड मार्फत सार्वजनिक निजी साझेदारीमा झापाको दमकस्थित औद्योगिक पार्कको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिनेछ। कञ्चनपुरको दैजी, बाँकेको नौबस्ता, दाङ्गको लक्ष्मीपुर, रूपन्देहीको मोतीपुर, चितवनको शक्तिखोर र मकवानपुरको मयुरधापमा लगानी बोर्ड मार्फत निजी क्षेत्रको सहभागितामा आधुनिक औद्योगिक क्षेत्रको निर्माण गरिनेछ। पाँचखाल र सिमरा स्थित विशेष आर्थिक क्षेत्रलाई निजी क्षेत्रको सहभागितामा सञ्चालन गरिनेछ।

बाँकी पृष्ठ ४ मा

# आगामी...

तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका वस्तु लक्षित निर्यात रणनीति अवलम्बन गरिनेछ। व्यापार पूर्वाधारको विकास र प्रविधि हस्तान्तरणमा प्राथमिकता दिइनेछ। निजी क्षेत्रसँगको सहकार्यमा "मेक इन नेपाल र मेड इन नेपाल" अभियान सञ्चालन गरिनेछ।

भैरहवाको एकीकृत जाँच चौकी र रसुवाको टिमुरेमा सुक्खा बन्दरगाहको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। कञ्चनपुरको दोधारा-चाँदनीमा सुक्खा बन्दरगाह निर्माण कार्य अघि बढाइनेछ।

भौगर्भिक अध्ययन भई पहिचान गरिएका पेट्रोलियम, तामा, फलाम, म्याग्नेसियम, फोस्फराइट, क्वार्ज र किमती पत्थर लगायतका खानीजन्य वस्तुको इन्भेन्ट्री तयार गरिनेछ। दैलेखको पेट्रोलियम अन्वेषण कार्य सम्पन्न गरी नमुना परीक्षण प्रतिवेदनका आधारमा व्यावसायिक उत्पादन शुरू गरिनेछ। पाल्पा, सुनसरी र दाङमा पेट्रोलियम पदार्थको अन्वेषण शुरू गरिनेछ। अन्तर्राष्ट्रिय जगतबाट सक्षम अनुसन्धानकर्ता छनौट गरी रियर अर्थ मेटल्सको सम्भाव्यता अध्ययन गरिनेछ।

आर्थिक वर्ष २०८२/८३ मा नेपालमा खानीजन्य वस्तुको अन्वेषण, उत्पादन र बजारीकरणको सम्भावना यकिन गर्न माइनिङ्ग क्षेत्रका विज्ञहरूको सहभागितामा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिनेछ।

प्राकृतिक तथा खानीजन्य वस्तुको व्यावसायिक उत्पादन र बजारीकरणमा निजी क्षेत्रलाई सहभागी गराइनेछ। वातावरणीय प्रभाव अध्ययनबाट उपयुक्त र आर्थिक दृष्टिले सम्भाव्य देखिएका खानीजन्य र नदीजन्य निर्माण सामग्रीको उत्खनन् र प्रशोधन गरी आन्तरिक उपयोग र निर्यात गर्ने व्यवस्था मिलाइनेछ।

अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गुणस्तर मापदण्ड निर्धारण गरी निर्यात गन्तव्य मुलुकसँग पारस्परिक मान्यता कायम गरिनेछ। नेपालमा उत्पादित वस्तुको मापदण्ड निर्धारण तथा प्रमाणीकरण कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाइनेछ। बौद्धिक सम्पत्तिको संरक्षणसम्बन्धी कानूनमा सामयिक सुधार गरिनेछ।

उत्पादनमूलक, पर्यटन र निर्माण उद्योगका साथै आवास विकास कम्पनीहरूका लागि सरल र सुलभ तरिकाले कार्यशील पुँजी कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ।

दुर्गम र पहाडी क्षेत्रमा खाद्यान्न र नुनको सहज आपूर्ति सुनिश्चित गरिनेछ। इन्धनको सहज आपूर्तिको लागि भण्डारण क्षमता विस्तार गरिनेछ। प्रदूषण नियन्त्रण र पेट्रोलको आयात न्यूनीकरण गर्न वायोइथानोल मिश्रण गर्ने व्यवस्था मिलाइनेछ।

अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन विस्तार तथा भण्डारणस्थल निर्माण कार्य अगाडि बढाइनेछ। सिलगुढी-चारआली अन्तरदेशीय पेट्रोलियम पाइपलाइन तथा भण्डारणस्थल निर्माण शुरू गरिनेछ।

कालोबजारी, एकाधिकार, सिन्डिकेट र कृत्रिम अभाव सिर्जना गर्ने जस्ता अनुचित क्रियाकलाप नियन्त्रण गरी बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाइनेछ। उपभोक्ता अदालतलाई सबै प्रदेशमा विस्तार गरिनेछ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका लागि रु. १० अर्ब १४ करोड विनियोजन गरेको छ।

### पर्यटन पूर्वाधार र सम्पदा संरक्षण

पूर्वाधारको विकास, गुणस्तरीय सेवा विस्तार र बजारीकरणका माध्यमबाट नेपाललाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा ब्राण्डिङ्ग गरिनेछ। छिमेकी मुलुकका पर्यटकलाई लक्षित गरी प्रवर्द्धनका विशेष प्याकेज सञ्चालन गरिनेछ। पर्या-पर्यटन, पर्वतीय तथा साहसिक पर्यटन, धार्मिक र सांस्कृतिक पर्यटनका प्रमुख गन्तव्य स्थलहरूमा पर्यटक लक्षित सेवा विस्तार गरिनेछ। प्राकृतिक, सांस्कृतिक, साहसिक, चलचित्र, आरोग्य र खेलमा आधारित पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ। स्थलमार्गबाट आउने पर्यटकहरूलाई लक्षित गरी स्वागत तथा सेवा केन्द्र स्थापना गरिनेछ।

पर्यटकीय गन्तव्यको विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ। राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षित क्षेत्रमा जङ्गल सफारी, पदयात्रा र पर्या-पर्यटकीय पूर्वाधार विकासमा जोड दिइनेछ। प्रमुख पर्यटकीय क्षेत्रमा हिल स्टेशन, होटल, लज, रिसोर्ट लगायतका पर्यटन पूर्वधार निर्माणका लागि वन क्षेत्र लगायत सरकारी स्वामित्वको जमिन लिजमा दिने व्यवस्था गरिनेछ।

निजी क्षेत्रसँगको सहकार्य र पर्यटन बोर्डको सहजीकरणमा पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। उच्च पहाडी तथा हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न सुरक्षित पर्या-पर्यटन पदमार्गहरूको विकास गरिनेछ। शुक्लाफाँटा-खप्तड, बर्दिया-रारा, लुम्बिनी-मुक्तिनाथ, सौराहा-गोसाईंकुण्ड, जनकपुरधाम-कालिञ्चोक, कोशीटप्पु-सगरमाथा र केचना-पाथिभरा पदयात्रा सञ्चालन गरिनेछ। त्यसैगरी खप्तड, रामारोशन, वडिमालिका, बुढीनन्दा, रारा, स्वर्गद्वारी र मुक्तिनाथसम्मको पर्या-पर्यटन पदमार्ग विकास गरिनेछ। हिमाल आरोही तथा पदयात्रीको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था मिलाइनेछ।

होटल तथा रिसोर्टलाई उत्पादनमूलक उद्योग सरह आयकर तथा विद्युत महसुल छुट दिइनेछ। होटल, मोटल, रेष्टुरेन्ट, जङ्गल सफारी लगायतका पर्यटन व्यवसायमा कार्यरत श्रमिकहरूका लागि सेवा शुल्कका माध्यमबाट प्रोत्साहन गर्न कानूनी व्यवस्था गरिनेछ।

सगरमाथा, पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम, मुक्तिनाथ, स्वर्गद्वारी, रारा, खप्तड लगायतका प्रमुख धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार विकास गरिनेछ। लुम्बिनी क्षेत्रको संरक्षण, विकास र प्रवर्द्धन गर्न बृहत लुम्बिनी गुरुयोजना तयार गरी कार्यान्वयनमा लगिनेछ। स्वयम्भुनाथ, हनुमानढोका, पशुपतिनाथ र बौद्धनाथ क्षेत्रमा सन्ध्याकालीन सम्पदामार्ग विकास गरिनेछ।

पुष्पलाल मध्यपहाडी राजमार्ग नजिकका आकर्षक स्थलहरूमा पर्यटन पूर्वाधारको विकासमा जोड दिइनेछ। कर्णाली, भेरी, गण्डकी, त्रिशुली, कोशी लगायतका प्रमुख नदीहरूमा र्‍याफ्टिङ लगायत पर्यटन प्रवर्द्धनका क्रियाकलाप सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवा प्रदायक निकायमा छुट्याई संस्थागत सुदृढीकरण गरिनेछ। आगामी आर्थिक वर्षभित्र नेपाललाई हवाई उडान सुरक्षा सूचीबाट बाहिर ल्याउन आवश्यक कार्य गरिनेछ। आन्तरिक हवाई सेवालाई थप सुरक्षित र पहुँचयोग्य बनाइनेछ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बढ्दो यात्रु चापलाई व्यवस्थापन गर्न क्षमता विस्तार गरी बुटिक विमानस्थलमा विकास गर्न रु. ४ अर्ब १५ करोड विनियोजन गरेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पर्यटकीय हबमा विकास गरिनेछ।

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पर्यटक र श्रमिकको लागि किफायती हुने गरी सञ्चालनमा ल्याउन विमानस्थल परिसरमा आवश्यक सुविधा उपलब्ध गराइनेछ। यस विमानस्थलबाट कार्गो सेवा सञ्चालन गर्न विशेष सहुलियत दिइनेछ।

नेपालमा अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालन गरिरहेका वायुसेवा कम्पनीहरूलाई भैरहवा र पोखरा विमानस्थलबाट निश्चित सङ्ख्यामा उडान सञ्चालन गर्न थप प्रोत्साहन र सहुलियत दिइनेछ। वैकल्पिक विकास वित्तको उपयोग गरी निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

झापाको भद्रपुर, दाङको टरिगाउँ र ताप्लेजुङ्गको सुकेटार विमानस्थलको क्षमता विस्तार गरिनेछ। सुर्खेतमा प्रादेशिक विमानस्थलको पूर्व तयारी सम्पन्न गरी निर्माण कार्य थालनी गरिनेछ। तेह्रथुमको चुहानडाँडा, डडेल्धुराको अजयमेरु र उदयपुरको सगरमाथा विमानस्थलको विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ। आन्तरिक विमानस्थलहरूको पूर्वाधार विकासका लागि रु. ५० करोड छुट्याएको छ।

उडान चाप कम भएका आन्तरिक विमानस्थलहरूको वैकल्पिक प्रयोग योजना बनाइनेछ। निजी क्षेत्रसँगको साझेदारीमा यस्ता विमानस्थललाई हवाई उड्डयनसम्बन्धी तालिम तथा प्याराग्लाइडिङ्ग, प्यारासुट, अल्ट्रालाइट, स्काइडाइभिङ्ग जस्ता साहसिक पर्यटनमा प्रयोग गरिनेछ। नयाँ आन्तरिक विमानस्थलको निर्माण र विस्तार गर्दा आर्थिक तथा व्यावसायिक सम्भाव्यतालाई मुख्य आधार बनाइनेछ।

नेपालको प्राचीन इतिहास, संस्कृति र पुरातात्त्विक सम्पदाको संरक्षण गरिनेछ। अर्घाखाँचीको पणेनामा संस्कृत व्याकरणका प्रतिपादक पाणिनि ऋषिको स्मृतिमा पाणिनि ज्ञान उद्यान निर्माण गरिनेछ। ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका अभिलेखहरूको डिजिटल आर्काइभीङ् गर्न आवश्यक बजेट छुट्याएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लागि रु. १३ अर्ब २८ करोड बजेट विनियोजन गरेको छ।

### वन तथा वातावरण

वन क्षेत्रको संरक्षण र वन पैदावारलाई राष्ट्रिय स्रोतको रूपमा सदुपयोग गरिनेछ। पर्यावरण र जैविक विविधतामा प्रतिकूल असर नपर्ने गरी वन क्षेत्रको व्यावसायिक उपयोग र दिगो व्यवस्थापन गरिनेछ।

वन क्षेत्रको भोगाधिकार दिँदा नाप जाँच गरिएका रूखहरू कटान गर्नु अघि पुन: नापजाँच गर्नुपर्ने व्यवस्था हटाइनेछ। सुकेका तथा ढलापडा रूखलाई संकलन गरी प्रयोगमा ल्याइनेछ।

देशभित्रको काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन सिजनिङ्ग उद्योगलाई प्रोत्साहन गरिनेछ। पुष्पलाल मध्यपहाडी राजमार्ग आसपासका क्षेत्रमा फर्निचर तथा भेनियर उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

जैविक विविधता र वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण गर्न घाँसे मैदान तथा पानीका स्रोतको व्यवस्थापन गरिनेछ। मध्यवर्ती क्षेत्रका बासिन्दाका लागि सामुदायिक विकास, आय आर्जन तथा रोजगारीका कार्यक्रम सञ्चालन गरिनेछ। मानव वन्यजन्तु सहअस्तित्व कायम हुनेगरी मध्यवर्ती क्षेत्रको व्यवस्थापन गरिनेछ। जङ्गली हात्तीको आक्रमणबाट हुने जनधनको क्षति रोकथाम गर्न हात्तीको प्राकृतिक मार्गको संरक्षण तथा नियन्त्रणको लागि आधुनिक प्रविधि सहितको सोलार फेन्सिङ्ग प्रयोग गरिनेछ।

जडीबुटी उत्पादन, संकलन, प्रशोधन, प्रयोगशाला प्रमाणीकरण र बजारीकरण गरी निर्यात प्रवर्द्धनमा जोड दिइनेछ। जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको पूर्वाधार विकास र व्यवस्थापन सुधार गरी उत्पादन क्षमता बढाइनेछ। यसका लागि रु. २० करोड विनियोजन गरेको छ।

सामुदायिक वन तथा राष्ट्रिय राजमार्गको दाँया बाँयाको क्षेत्रमा फलफूल, जडिबुटी तथा उच्च मूल्यका वनस्पतिको वृक्षारोपण र संरक्षण गर्न समुदायलाई प्रोत्साहित गरिनेछ। समुदायसँगको सहकार्यमा फ्रुट फरेष्ट कार्यक्रम सञ्चालन गरिनेछ।

चुरे तथा तराई मधेशको जलचक्रलाई दिगो बनाउन जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन गरिनेछ। गल्छी तथा सिमसार क्षेत्र संरक्षण, वन क्षेत्रमा वृक्षारोपण तथा प्राकृतिक पुनर्स्थापना र पानीको सञ्चय तथा पुनर्भरणका कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रु. १ अर्ब ६९ करोड विनियोजन गरेको छ।

वातावरण तथा जैविक विविधता संरक्षणमा नकारात्मक असर नपर्ने गरी राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र तथा वन क्षेत्रको प्रयोग र विकास आयोजना कार्यान्वयन गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्दा जग्गा व्यवस्थापन गर्न र रूख हुर्काउन लाग्ने रकमको एक प्रतिशत मात्र वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियालाई शीघ्र, सरल र सहज बनाइनेछ । आयोजनाको क्षेत्र निर्धारण र वातावरणीय प्रतिवेदन एकैपटक स्वीकृत गर्ने व्यवस्था मिलाइनेछ। प्रतिवेदन स्वीकृत भएपछि कटान गर्नुअघि रूखको सङ्ख्या घटेमा वा १० प्रतिशतसम्म बढेमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न नपर्ने व्यवस्था गरिनेछ।

प्लास्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदूषण न्यूनीकरण गर्न ४० माइक्रोनभन्दा पातलो प्लास्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा सम्वत् २०८२ मंसिर १ गतेदेखि लागु हुने गरी रोक लगाएको छ। हाल सञ्चालित उद्योगमा यस अनुरूपको गुणस्तर वृद्धि गर्न डाइ प्रतिस्थापनका लागि पुँजीगत अनुदान दिने व्यवस्था मिलाएको छ।

पग्लिदै गरेका हिमाल, सुक्दै गएका हिमनदी र समग्र इकोसिस्टममा परेको प्रतिकूल प्रभावलाई दृष्टिगत गरी वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। जलवायु न्यायको सिद्धान्तअनुरूप नेपालको हित संरक्षणका लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा पैरवी गरिनेछ। जलवायु कोषहरूमा वित्तीय पँहुच अभिवृद्धि गरिनेछ। सगरमाथा सम्वादका निष्कर्ष कार्यान्वयन गरिनेछ। विश्व समुदायसँगको सहकार्यमा जलवायु अनुकूलनका कार्यक्रमहरूलाई प्रदेश र स्थानीय तहसम्म आन्तरिकीकरण गरिनेछ।

कार्वन व्यापारका सबै आयामलाई समेट्ने गरी नीतिगत स्पष्टता ल्याइनेछ। कार्वन उत्सर्जन न्यूनीकरणका प्रयासबाट सिर्जना हुने कार्वन क्रेडिटको यथार्थ लेखाङ्कन गरी प्रतिस्पर्धी मूल्यमा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न आवश्यक तयारी गरिनेछ।

ध्वनी, वायु र जल प्रदूषण नियन्त्रणका मापदण्ड लागु गरी जनस्वास्थ्य र पर्यावरण संरक्षणलाई प्राथमिकता दिइनेछ। बढ्दो वायु प्रदूषणको असरलाई कम गर्न राष्ट्रिय वायु गुणस्तर मापदण्ड अद्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ।

काठमाडौं उपत्यका लगायत देशका प्रमुख शहरहरूमा वायु प्रदूषण न्यूनीकरण गर्न कारखानाहरूमा प्रयोग भइरहेको परम्परागत बोइलरलाई विद्युतीय प्रविधिमा रूपान्तरण गर्न निजी क्षेत्रलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ।

जैविक विविधताको संरक्षण र वन डढेलो रोकथाम तथा नियन्त्रणको लागि समुदायस्तरमा सचेतना अभियान सञ्चालन गरिनेछ। डढेलो लगाउने व्यक्तिलाई कानूनको दायरामा ल्याउन सूचना दिने र निभाउन योगदान गर्ने व्यक्ति तथा समुदायलाई पुरस्कृत गरिनेछ।

वन तथा वातावरण मन्त्रालयको लागि रु. १८ अर्ब ६१ करोड विनियोजन गरेको छ।

### सञ्चार तथा डिजिटल पूर्वाधार

सार्वजनिक सूचनामा नागरिकको सहज पँहुच कायम गरिनेछ। प्रेस स्वतन्त्रताको सम्बर्द्धन गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरिनेछ। नागरिकको वैयक्तिक स्वतन्त्रता र गोपनीयताको हकको रक्षा गरिनेछ।

सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा विकसित नवीनतम् प्रविधिहरूको खोज, अनुसन्धान, विकास र नवप्रवर्तनमा जोड दिइनेछ। डिजिटल नेपाल फ्रेमवर्कको दोस्रो संस्करण तर्जुमा गरिनेछ। डिजिटल साक्षरताका विशेष कार्यक्रम सञ्चालन गरिनेछ। डिजिटल पूर्वाधार निर्माण र इकोसिस्टम विकास गर्न रु. ७४ करोड विनियोजन गरेको छ। डाटा सेन्टर निर्माण, सञ्चालन र पूर्वाधार विकासमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ। काठमाडौंमा सूचना प्रविधि पार्क स्थापना गरिनेछ। सूचना प्रविधि क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न मध्यपहाडी क्षेत्रमा डाटा सेन्टर स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ। डाटा सेन्टर स्थापना गर्न चाहने स्वदेशी तथा विदेशी कम्पनीलाई जग्गा, अविच्छिन्न विद्युत र सुरक्षा उपलब्ध गराइनेछ ।

एकीकृत डाटा व्यवस्थापन केन्द्रको स्तरोन्नति गरिनेछ। हेटौडा स्थित डिजास्टर रिकभरी सेन्टरको क्षमता विस्तार तथा कोहलपुरमा निर्माणाधीन डाटा सेन्टर सञ्चालनमा ल्याइनेछ।

तथ्याङ्कको भरपर्दो सुरक्षाका लागि क्लाउड पूर्वाधारको स्तरोन्नति गरिनेछ। जियो स्टेशनरी सेटलाईट अर्बिटमा नेपालको भू-उपग्रह स्थापनाको आधार तयार गरिनेछ।

सूचना प्रविधि उद्योगका लागि इकोसिस्टम विकास गरिनेछ। सूचना प्रविधि सेवाको निर्यात प्रवर्द्धन गर्न नीतिगत व्यवस्था गरिनेछ।

कृत्रिम बौद्धिकता र मेशिन लर्निङ्गको अनुसन्धान, प्रयोग र विस्तारका लागि निजी क्षेत्रसँगको सहकार्यमा एआई सेन्टर स्थापना गरिनेछ। कृत्रिम बौद्धिकताको व्यावसायिक प्रयोग प्रवर्द्धनका लागि सहजीकरण गरिनेछ।

नेपालको कला, संस्कृति, सभ्यता र भौगोलिक विविधता झल्किने गरी स्वदेशी तथा विदेशी चलचित्र छायाङ्कन गर्न इनडोर तथा आउटडोर स्टुडियो निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

नेपाल दूरसञ्चार प्राधिकरणको पुनर्संरचना गरिनेछ। सूचना प्रविधिको पहुँच विस्तार गरी डिजिटल डिभाइड न्यूनीकरण गरिनेछ। ब्रोडव्याण्ड सेवाको विस्तार गरिनेछ। देशभर फोरजी सेवाको पहुँच विस्तार तथा गुणस्तर सुधार गरिनेछ। काठमाडौं उपत्यका र ठूला शहरी क्षेत्रमा फाइभजी सेवा शुरूवात गरिनेछ। मोवाइल सेटहरूको अवैध आयात र प्रयोगमा रोक लगाउन आइएमइआई दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ।

सार्वजनिक निकायका सूचना प्रविधि पूर्वाधारमा एकरूपता ल्याउन हार्डवेयर र सफ्टवेयरको मापदण्ड तयार गरिनेछ। सार्वजनिक निकायहरूले स्वदेशमा विकास भएका सूचना प्रविधि सफ्टवेयर उपयोगलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरिनेछ। सार्वजनिक सेवा प्रसारणको अन्तर्राष्ट्रिय पँहुच विस्तार गर्न एनटिभी वर्ल्ड च्यानल र पिएसबी डिजिटल प्लेटफर्म सञ्चालन गरिनेछ। दूरसञ्चार तथा प्रसारण सेवामा विद्यमान ओटिटी सेवाको नियमन गर्न कानूनी व्यवस्था गरिनेछ। विज्ञापनलाई मापदण्डमा आधारित, मर्यादित र व्यवस्थित बनाइनेछ।

सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मको प्रयोगलाई मर्यादित र व्यवस्थित बनाइनेछ। साइवर सुरक्षा जोखिम न्यूनीकरण गर्न आवश्यक पूर्वाधार र जनशक्ति तयार गरिनेछ। साइवर सुरक्षा जोखिम आंकलन गरी त्रैमासिक रूपमा सुरक्षा एडभाइजरी जारी गरिनेछ।

सुरक्षण मुद्रण केन्द्रको पूर्वाधार निर्माण सम्पन्न गरी मुद्रण कार्य प्रारम्भ गरिनेछ। विद्युतीय व्यापार विस्तार र लजिष्टिक सेवा सञ्चालन गर्न हुलाक सम्बद्ध निकायहरूबीच अन्तर आवद्धता कायम गरिनेछ। हुलाक कार्यालयहरूलाई क्रमश: स्मार्ट हुलाकमा विकास गरिनेछ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको लागि रु. ७ अर्ब ७२ करोड विनियोजन गरेको छ।

### श्रम, रोजगार तथा सामाजिक सुरक्षा

बेरोजगारी समस्या दिगोरूपमा समाधान गर्न श्रम बजारको मागअनुरूप युवा जनशक्तिको सीप र दक्षता विकास गरिनेछ। राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि रु. १ अर्ब ९९ करोड विनियोजन गरेको छ।

रोजगारीको खोजीमा रहेका सीपयुक्त व्यक्तिको विवरण अद्यावधिक गरी श्रम बजारमा जोड्न रोजगार पोर्टल सञ्चालन गरिनेछ। निजी क्षेत्रका छाता संगठनहरूसँगको सहकार्यमा सबै प्रदेशमा रोजगारमेला सञ्चालन गरिनेछ।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन श्रम गन्तव्यको विविधीकरण गरिनेछ। श्रम कूटनीतिको माध्यमबाट थप मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गरिनेछ। वैदेशिक रोजगारीमा जाने महिलाको कार्यस्थलको सुरक्षा र सेवा सुविधा सुनिश्चत हुनेगरी गन्तव्य मुलुकहरूसँग थप सम्झौता गरिनेछ।

श्रम स्वीकृति सरल ढंगले प्रदान गर्ने व्यवस्था मिलाइनेछ। सबै प्रदेशबाट श्रमसम्बन्धी अनलाइन सेवा प्रवाह गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको सीप, पुँजी र प्रविधि सदुपयोग गरी स्वरोजगार प्रवर्द्धन र उत्पादन वृद्धि गर्न श्रमिकबाट उद्यमी कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरेको छ। स्वदेशी उद्योगको मागको आधारमा आवश्यक जनशक्ति उत्पादन गर्न पाठ्यक्रम परिमार्जन गरी "अन द जव" तथा "एपरेन्टसिप" कार्यक्रम सञ्चालन गरिनेछ। उद्योगका लागि आवश्यक पर्ने सीपयुक्त जनशक्ति आपूर्ति गर्न विश्वविद्यालय, प्राविधिक शिक्षालय र व्यावसायिक तालिम केन्द्रसँगको समन्वयमा प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गरिनेछ।

छ महिनाभन्दा कम अवधिको व्यावसायिक तथा सीप विकास तालिम राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र प्रदेश स्तरबाट सञ्चालन गरिनेछ। तालिमको गुणस्तर सुनिश्चित गर्न पाठ्यक्रम र प्रयोगात्मक शिक्षणको एकीकृत मापदण्ड लागु गरिनेछ।

मर्यादित श्रम अभ्यास, असल श्रम सम्बन्ध र उत्पादकत्व अभिवृद्धि गर्दै श्रमिकको हकहितको सुरक्षा गरिनेछ।

सबै नेपालीलाई जीवनचक्रमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरिनेछ। नियमित आय आर्जन गर्ने व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रममा समेट्दै लगिनेछ।

छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत गरी समन्यायिक, दिगो र व्यवस्थित बनाइनेछ। सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्न राष्ट्रिय परिचयपत्रलाई क्रमश: अनिवार्य बनाइनेछ। ज्येष्ठ नागरिक, अपाङ्गता भएका र अशक्त व्यक्तिलाई घुम्ती टोली मार्फत राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ।

सङ्घीय सरकारबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूमा प्रदेश र स्थानीय तहबाट रकम थप गर्न र उस्तै प्रकृतिका कार्यक्रम मार्फत दोहोरो सुविधा दिन पाइनेछैन। सामाजिक सुरक्षा सुविधाको एकीकृत प्रतिवेदन प्रणाली विकास गरिनेछ। सबै प्रकारका सामाजिक सुरक्षा भत्ताका लागि रु. १ खर्ब ९ अर्ब विनियोजन गरेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको लागि रु. ४ अर्ब २८ करोड विनियोजन गरेको छ।

### गुणस्तरीय शिक्षा र मानव पुँजी विकास

आफ्नो भविष्य आफै निर्माण गर्न सक्ने क्षमतावान, उद्यमशील र उत्पादक मानव पुँजीको विकास गरिनेछ। शिक्षा प्रणालीलाई आधुनिक र प्रविधिमैत्री बनाइनेछ।

प्रत्येक जिल्लामा कम्तीमा एक विद्यालय पर्नेगरी १०० विद्यालयमा शैक्षिक नतिजामा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता विद्यालयले अन्य विद्यालयको नतिजा सुधारका लागि सहयोग गर्ने व्यवस्था मिलाइनेछ। यस कार्यक्रमका लागि प्रति विद्यालय रु. २५ लाख प्रदान गरिनेछ।

शिक्षक र विद्यार्थी सङ्ख्या तथा भौगोलिक दूरी र यातायात सुविधाका आधारमा विद्यालयको पुन:नक्साङ्कन गरिनेछ। नक्साङ्कनका आधारमा विद्यालय गाभ्ने नीति लिइनेछ। गाभिएका विद्यालयहरूका लागि प्रोत्साहन अनुदानको व्यवस्था गरेको छ। शिक्षक दरबन्दीको पुनरावलोकन गरिनेछ। शिक्षकको क्षमता विकास गर्न आवधिकरूपमा तालिमको प्रबन्ध गरिनेछ।

संस्थागत सामाजिक उत्तरदायित्वको दायरा विस्तार गरी विद्यालय शिक्षाको नतिजा र गुणस्तर सुधारमा समेत प्रयोग गर्न सक्ने नीति लिइनेछ। सामुदायिक र संस्थागत विद्यालयका सफल व्यवस्थापन अभ्यासलाई अन्य सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि सदुपयोग गरिनेछ। अंग्रेजी, विज्ञान र गणित विषयका शिक्षकहरूको अभाव हुन नदिन विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैंकको स्थापना गरिनेछ। स्नातक तह उत्तीर्ण विद्यार्थीलाई स्वयंसेवक शिक्षकको भूमिकामा परिचालन गरिनेछ।

शिक्षा क्षेत्रका सशर्त अनुदान कार्यक्रमलाई क्रमश: वित्तीय समानीकरण अनुदानमा रूपान्तरण गरिनेछ। माध्यमिक शिक्षा परीक्षाको सञ्चालन तथा व्यवस्थापन प्रदेश तहबाट गर्ने प्रबन्ध मिलाइनेछ।

कक्षा पाँचसम्मका विद्यार्थीलाई उपलब्ध गराइने दिवाखाजा कार्यक्रमको रकम वृद्धि गरी रु.१० अर्ब १९ करोड विनियोजन गरेको छ। यसबाट २८ लाख विद्यार्थी लाभान्वित हुनेछन्। विद्यालयमा नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिई रु. १ अर्ब २९ करोड विनियोजन गरेको छ। यसबाट १३ लाख छात्रा लाभान्वित हुनेछन्।

लक्षित समुदाय र विकट हिमाली जिल्लाका विद्यार्थीलाई प्रदान गरिदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ। मुशहर, डोम र चमार समुदायका विद्यार्थीलाई चिकित्सातर्फको उच्च शिक्षामा उत्प्रेरणा छात्रवृत्ति प्रदान गरिनेछ। छात्रवृत्तिका लागि रु.२ अर्ब ४४ करोड विनियोजन गरेको छ।

सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक वापत सङ्घीय सरकारबाट उपलब्ध गराइँदै आएको सशर्त अनुदान वृद्धि गरेको छ। यसका लागि रु. १० अर्ब १६ करोड विनियोजन गरेको छ।

नेपाली मौलिकतामा आधारित शिक्षण सिकाइ प्रणाली विकास गरिनेछ। विद्यालय शिक्षामा भर्चुअल शिक्षण प्रणालीलाई उपयोग गरिनेछ। शिक्षाको गुणस्तर वृद्धि गर्न डिजिटल सिकाइ पोर्टलको विकास गरिनेछ। अपाङ्गता भएका विद्यार्थीलाई आधारभूत तहको शिक्षा पूरा गर्न छात्रावासको प्रबन्ध गरिनेछ। राष्ट्रिय नियमन मापदण्ड तयार गरी निजी विद्यालयसमेतको प्रभावकारी अनुगमन गरिनेछ।

गुरुकुल, गुम्बा, मदरशा लगायतका परम्परागत शिक्षण पद्दतिको विषयगत र शैलीगत विशिष्टता संरक्षण र प्रवर्द्धन गरिनेछ।

राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तराई मधेशमा १ हजार ५ सय, पहाडमा १ हजार र हिमालमा ५ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि पुँजीगत अनुदान उपलब्ध गराइनेछ। निर्माणाधीन नमुना विद्यालयहरूको निर्माण कार्य सम्पन्न गरिनेछ। यसका लागि रु. २ अर्ब ७२ करोड विनियोजन गरेको छ।

उच्च शिक्षालाई अनुसन्धान लक्षित बनाइनेछ। उच्च शिक्षासम्बन्धी छाता ऐन निर्माण गरी विश्वविद्यालयहरूको सञ्चालनमा एकरूपता कायम गरिनेछ। अध्ययनका लागि मुलुक बाहिर जाने प्रवृत्तिमा कमी ल्याउन र रोजगार बजार अनुसारको जनशक्ति विकास गर्न जोड दिइनेछ। विश्वविद्यालयहरूका विभाग एवम् संकायहरूको पुनर्संरचना गरिनेछ।

विश्वविद्यालय अनुदान आयोगको पुनर्संरचना गरी उच्च शिक्षाको सुदृढ नियमनकारी निकायमा विकास गरिनेछ। विश्वविद्यालयहरूलाई विद्यार्थी सङ्ख्या, शैक्षिक गुणस्तर र पूर्वाधारको आवश्यकताका आधारमा अनुदान उपलब्ध गराइनेछ। शैक्षिक सत्र अगावै शैक्षिक क्यालेण्डर प्रकाशित गर्ने, कार्यान्वयनको अनुगमन गर्ने र सो को पालना नगर्ने विश्वविद्यालयको अनुदान रोक्ने व्यवस्था गरिनेछ।

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनको काम अगाडि बढाइनेछ। शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा ल्याइनेछ। विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको पूर्वाधार निर्माण गरिनेछ।

विश्वविद्यालयहरूमा विदेशी विद्यार्थी समेत आकर्षित गर्ने नीति लिइनेछ। शैक्षिक क्यालेण्डर अवधिभरको लागि विदेशी विद्यार्थीलाई नि:शुल्क भिसा उपलब्ध गराइनेछ। त्यस्ता विद्यार्थीका अभिभावकलाई बहु प्रवेश भिसाको व्यवस्था मिलाइनेछ।

सरकारी स्वास्थ्य प्रणालीमा आवश्यक पर्ने विषय र सङ्ख्याअनुरूप जनशक्ति उत्पादन गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिसबमोजिम मेडिकल शिक्षामा प्रदान गरिदै आएको छात्रवृत्तिलाई गरिब, जेहेन्दार र अति दुर्गम क्षेत्रका विद्यार्थी लक्षित बनाइनेछ। बर्दीबास, बुटवल, सुर्खेत र डडेल्धुरामा निर्माणाधीन तथा प्रस्तावित मेडिकल कलेजहरूको पूर्वाधार निर्माण कार्य अघि बढाउन रु. ५६ करोड विनियोजन गरेको छ।

चिकित्साशास्त्र, इन्जिनियरिङ, सूचना प्रविधि, नर्सिङ लगायतका प्राविधिक विषयमा जनशक्तिको अभाव हुन नदिन विद्यमान मापदण्ड पुनरावलोकन गरी अध्ययन कोटा वृद्धि गरिनेछ।

विद्यालय शिक्षा पूरा गरेका विद्यार्थीलाई नतिजाको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा वा विश्वविद्यालय शिक्षामा आवद्ध हुन प्रोत्साहित गरिनेछ। उच्च शिक्षा अध्ययन गर्न नसकेका युवाहरूलाई सीपमूलक तालिमका माध्यमबाट उद्यमशील बनाइनेछ। आगामी वर्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट २६ हजार ९ सय युवालाई छ महिनाभन्दा बढी अवधिको तालिम प्रदान गरिनेछ।

प्रत्येक प्रदेशमा एक-एक प्राविधिक शिक्षालय छनौट गरी नमुना शिक्षालयमा स्तरोन्नति गरिनेछ। साधारण विद्यालयका प्राविधिक धारका विद्यार्थीले सीप विकासका लागि त्यस्ता शिक्षालयको पूर्वाधार सुविधाको उपयोग गर्न सक्ने व्यवस्था मिलाइनेछ।

सेवाको प्रकृतिका आधारमा सार्वजनिक निकायमा इन्टर्नलाई परिचालन गरिनेछ। उद्यमशीलतामैत्री शिक्षालाई प्रोत्साहन गर्न हप्तामा २० घण्टा कामको न्यूनतम ज्याला सहित कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गरिनेछ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको लागि रु. २ खर्ब ११ अर्ब १७ करोड विनियोजन गरेको छ।

### निरोगी नेपाल: स्वस्थ नेपाली

स्वच्छ आहार, योग, ध्यान, व्यायाम र सकारात्मक सोच सहितको जीवनशैली विकास गर्न 'निरोगी नेपाल' अभियान सञ्चालन गरिनेछ। आम नागरिकलाई नि:शुल्क, सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। विशिष्टीकृत स्वास्थ्य सेवाको दायरा विस्तार गर्न सक्षम जनशक्ति, आधुनिक उपकरण र पूर्वाधारमा लगानी वृद्धि गरिनेछ।

स्वास्थ्य बीमा कार्यक्रमको पुनर्संरचना गरिनेछ। यस सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र दायरा विस्तार गरिनेछ। बीमितहरूको सुविधा थैली क्रमश: वृद्धि गर्दै लगिनेछ। सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई स्वास्थ्य बीमामा एकीकृत गरिनेछ। बीमितहरूलाई फरक फरक पोलिसी छनौटको सुविधा उपलब्ध गराइनेछ। बीमा सुविधाको दुरूपयोग हुन नदिन दोहोरोपना हटाइनेछ, चुहावट नियन्त्रण र संस्थागत सुशासन कायम गरिनेछ। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, अति विपन्न तथा अल्पसंख्यक समुदायको बीमा सुविधालाई निरन्तरता दिइनेछ। स्वास्थ्य बीमा कार्यक्रमका लागि रु. १० अर्ब विनियोजन गरेको छ। साथै, हालसम्म बाँकी रहेको भुक्तानी दावी रकम तेस्रो पक्षबाट परीक्षण गराई यसै आर्थिक वर्षमा फरफारक गर्ने व्यवस्था मिलाएको छ।

उच्च रक्तचाप, मुटु, मधुमेह, मृगौला, कलेजो र क्यान्सर लगायतका नसर्ने रोगको निदान र उपचारका लागि दक्ष चिकित्सक र आधुनिक उपकरणसहित विशिष्टीकृत सेवा विस्तार गरिनेछ। सातै प्रदेशमा मुटुरोग र क्यान्सर रोगको उपचार विस्तार गरिनेछ। फागुन महिनामा नसर्ने रोगको सघन स्क्रिनिङ्ग गर्ने व्यवस्था मिलाइनेछ।

आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालबाट नि:शुल्क उपलब्ध हुँदै आएका औषधीहरूको आपूर्ति सुनिश्चित गरिनेछ। वितरण गरिएका औषधीको अभिलेख राख्ने र वेबसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि रु. २ अर्ब ६ करोड विनियोजन गरेको छ।

संक्रामक रोग र महामारीबाट सिर्जना हुने स्वास्थ्य आपतकालीन अवस्थाको पूर्व तयारी एवम् प्रतिकार्यलाई प्रभावकारी बनाउन र डेङ्गी लगायत कीटजन्य रोगको नियन्त्रण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ। थारू समुदायमा गम्भीर स्वास्थ्य समस्याका रूपमा रहेको सिकलसेल एनेमिया रोगको निदान तथा उपचारका लागि नवीनतम् प्रविधि अवलम्बन गरिनेछ।

स्वदेशमै जलनको गुणस्तरीय उपचार सेवा प्रदान गर्न सबै प्रदेशका एक-एक सरकारी अस्पतालमा विशिष्टिकृत जलन उपचार विभाग सञ्चालन गरिनेछ। वीर अस्पतालमा जलनको सघन उपचारका लागि आधुनिक कक्ष विस्तार गरिनेछ।

कीर्तिपुर जलन अस्पताल, धुलिखेल अस्पताल, काठमाडौं इन्स्टिच्यूट अफ चाइल्ड हेल्थ, तीलगङ्गा र रणअम्बिका आँखा अस्पतालको सेवा तथा गुणस्तर वृद्धि गर्न पुँजीगत अनुदानको व्यवस्था गरेको छ।

निर्माणाधीन आधारभूत अस्पतालको निर्माण कार्य सम्पन्न गरिनेछ। निर्माण सम्पन्न भएका अस्पतालहरूलाई स्थानीय तह र समुदायको सहकार्यमा सञ्चालन गरिनेछ। यसका लागि रु. ११ अर्ब २४ करोड विनियोजन गरेको छ।

स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँचका लागि टेलिमेडिसिन र डिजिटल हेल्थ सेवाको विस्तार गरिनेछ। अत्याधुनिक स्वास्थ्य सेवाको लागि रोबोटिक प्रविधि तथा कृत्रिम बौद्धिकताको उपयोग गरिनेछ।

वीर अस्पतालबाट अन्तर्राष्ट्रियस्तरको चिकित्सा शिक्षा र अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउन पूर्वाधार निर्माण, उपकरण र जनशक्ति व्यवस्थापनका लागि बजेट व्यवस्था गरेको छ। कान्ति बाल अस्पताललाई बाल स्वास्थ्य सेवाको सेन्टर अफ एक्सिलेन्सको रूपमा विकास गरिनेछ।

पाठेघर तथा स्तन क्यान्सर र पाठेघर खस्ने रोगको नि:शुल्क परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। बालिका लक्षित एच.पी.भी खोप र चौध वर्ष मुनिका बालबालिकालाई नि:शुल्क क्यान्सर उपचार गर्न रकम विनियोजन गरेको छ।

गर्भवती, सुत्केरी तथा नवजात शिशुको जीवनरक्षाका लागि आमा सुरक्षा कार्यक्रम, सुनौला हजार दिन र विपन्न नागरिकका लागि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालन गर्न रु. १३ अर्ब ८२ करोड विनियोजन गरेको छ। सबै प्रदेशमा अटिजम तथा बौद्बिक अपाङ्गता भएका बालबालिकाहरूको पहिचान, उपचार तथा पुनर्स्थापनाका लागि सेवा प्रारम्भ गरिनेछ।

मनोसामाजिक परामर्श र सचेतना कार्यक्रममार्फत मानसिक स्वास्थ्य समस्या निराकरण गरिनेछ। मानसिक अस्पताल लगनखेलको क्षमता विस्तार गरिनेछ। काठमाडौं उपत्यका स्थित केन्द्रीय अस्पतालमा मस्तिष्क, मेरूदण्ड तथा स्नायु रोगको गुणस्तरीय उपचारका लागि राष्ट्रिय न्युरोसाईन्स केन्द्र स्थापना गरिनेछ।

टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई सबै प्रकारका नमुना परीक्षण हुने अन्तर्राष्ट्रिय स्तरको प्रयोगशालामा स्तरोन्नति गर्न पूर्वाधार विकास, यन्त्र उपकरण र जनशक्ति व्यवस्थापन गरिनेछ। यसबाट नमुना परीक्षणका लागि विदेश पठाउनुपर्ने अवस्थाको अन्त्य हुने विश्वास लिएको छ।

आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, अक्युपङ्चर, आम्ची लगायतका वैकल्पिक उपचार पद्धतिलाई प्रवर्द्धन गरिनेछ। सिंहदरबार वैद्यखानाको उत्पादन क्षमता विस्तार गरिनेछ। राष्ट्रिय आयुर्वेद पञ्चकर्म योग सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ। नागरिक आरोग्य कार्यक्रमलाई सबै स्थानीय तहमा विस्तार गरिनेछ।

सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउन नियमन क्षमता अभिवृद्धि गरिनेछ। राष्ट्रिय औषधी प्रयोगशालाको क्षमता विस्तार गरी सबै प्रकारका औषधीको गुणस्तर जाँच गरिनेछ। अत्यावश्यक औषधीको स्वदेशमै उत्पादन बढाउन सहजीकरण गरिनेछ।

राष्ट्रिय जनसङ्ख्या नीति कार्यान्वयन गरी विकास र समृद्धिमा जनसाङ्ख्यिक लाभको उपयोग गरिनेछ। 'विकास उकालो चढ्ने, मान्छे ओरालो झर्ने' अवस्थालाई बदल्न ग्रामीण अर्थतन्त्रमा उत्पादन र रोजगारीका अवसरहरू सिर्जना गरिनेछ। बसाइँसराइलाई व्यवस्थित गर्ने र जनसङ्ख्या वृद्धिदरलाई प्रतिस्थापन दरभन्दा कम हुन नदिने नीति लिइनेछ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लागि रु.

बाँकी पृष्ठ ५ मा

# आगामी...

९५ अर्ब ८१ करोड विनियोजन गरेको छ।

**युवा तथा खेलकुद**

युवा जनशक्तिलाई आत्म अनुशासन र सेवाभावका साथ राष्ट्र निर्माणमा परिचालित हुन अभिप्रेरित गरिनेछ। मुलुकको आर्थिक सामाजिक विकास र सेवा प्रवाहमा युवाको योगदान वृद्धि गरिनेछ।

राष्ट्रिय युवा परिषद्को समन्वयमा १६ वर्षमाथिका युवालाई निश्चित मापदण्डका आधारमा राष्ट्रिय स्वयंसेवक परिचयपत्र प्रदान गरिनेछ। उनीहरूलाई तालिम तथा प्रशिक्षणबाट योग्य बनाई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्मा उद्धार, राहत र पुनर्स्थापनाका लागि परिचालन गरिनेछ।

शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र र परियोजना प्रस्तावको आधारमा विनाधितो रु. दुई लाखदेखि बीस लाखसम्म तीन प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ।

खेल पूर्वाधारको निर्माण र खेलाडीको व्यावसायिकता विकासको लागि लगानी बढाउदै लगिनेछ। खेलाडीमा "म जित्न सक्छु" भन्ने उच्च मनोवल विकास गर्न निरन्तर प्रशिक्षण र प्रतियोगिता सञ्चालन गरिनेछ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन र खेल प्रतियोगिता प्रवर्द्धन गर्न निजी क्षेत्रलाई खेल पूर्वाधारमा लगानी गर्न आकर्षित गरिनेछ। त्यस्ता खेल पूर्वाधारका लागि सडक, खानेपानी र विजुलीको पहुँच सुनिश्चित गरिनेछ। झापाको दमकमा सबै प्रकारका खेल प्रतियोगिता आयोजना गर्न सकिने अन्तर्राष्ट्रियस्तरको आधुनिक रंगशाला निर्माण गरिनेछ। खेल विधाको विविधीकरण र खेल पर्यटनको प्रवर्द्धनका लागि सोलुखुम्बु, मुस्ताङ र जुम्लामा हाइ अल्टिच्युड स्पोर्टस् स्टेडियम निर्माण गरिनेछ।

काठमाडौँको मूलपानी क्रिकेट रंगशाला, मोरङको गिरिजाप्रसाद कोइराला रंगशाला, कैलालीको फाप्ला क्रिकेट रंगशाला र रूपन्देहीको सिद्धार्थ क्रिकेट स्टेडियम निर्माणका लागि रु. ४२ करोड विनियोजन गरेको छ। कीर्तिपुरस्थित क्रिकेट रंगशालाको स्तरोन्नतिका लागि रु. ४० करोड विनियोजन गरेको छ। त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थानबाट गरिने मूल्याङ्कनका आधारमा चितवनस्थित गौतम बुद्ध क्रिकेट रंगशालाको सिर्जित सम्पत्ति खरिद गर्न सशर्त अनुदानको व्यवस्था गरेको छ। खेल पूर्वाधार निर्माण गर्न बजेटमा उल्लेखनीय वृद्धि गरेको छ।

सुर्खेतको वीरेन्द्रनगरमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न रु. ५४ करोड विनियोजन गरेको छ। राष्ट्रिय एण्टीडोपिङ्ग एजेन्सी सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छ।

अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता नेपाली खेलाडीलाई प्रोत्साहन गरिनेछ। यस्ता खेलाडी र उनीहरूका सन्ततिलाई शैक्षिक छात्रवृत्ति प्रदान गरिनेछ। खेलाडी र प्रशिक्षकलाई प्रदान गरिंदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छ।

खेल क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गर्न महिला लक्षित प्रशिक्षण तथा अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ। उत्कृष्ट महिला खेलाडीका लागि पुरस्कारको विशेष व्यवस्था गरिनेछ।

प्रत्येक प्रदेशमा कम्तीमा तीन विद्यालयमा स्पोर्टस एकेडेमी सञ्चालन गर्न बजेट व्यवस्था गरेको छ। बालबालिका तथा युवायुवतीलाई स्काउटका माध्यमबाट कर्तव्यपरायण, अनुशासित, स्वावलम्बी, चरित्रवान तथा सुयोग्य बनाई सामाजिक सेवा र उद्धार कार्यमा परिचालन गरिनेछ।

युवा तथा खेलकुद मन्त्रालयका लागि रु. ६ अर्ब ८ करोड विनियोजन गरेको छ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

राष्ट्रिय जीवनका सबै क्षेत्रमा महिलाको भूमिका प्रभावकारी बनाइनेछ। लैङ्गिक विभेदको अन्त्य, नेतृत्व क्षमताको विकास र सशक्तीकरणमा जोड दिइनेछ। सार्वजनिक क्षेत्रका कार्यकारी तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न नीतिगत र संरचनागत सुधार गरिनेछ।

महिला माथि हुने गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा समानताको हक सुनिश्चित गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ। महिलाको शैक्षिक तथा आर्थिक अवस्थामा सुधार गरी आत्मविश्वास र स्वाभिमान अभिवृद्धि गरिनेछ।

गर्भवती तथा सुत्केरी महिला र बालबालिका लक्षित पोषण कार्यक्रम सञ्चालन गरिनेछ। राष्ट्रिय महिला उत्थान कार्यक्रम मार्फत ज्यान जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाको निःशुल्क हवाई उद्धार गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छ।

महिला लक्षित उद्यमशीलता प्रवर्द्धनको माध्यमबाट रोजगारी तथा स्वरोजगारीका अवसर वृद्धि गरिनेछ। महिलाको नाममा उद्योग, व्यवसाय वा कम्पनी दर्ता वा नवीकरण गर्दा शुल्क नलाग्ने व्यवस्था गरिनेछ। गृहिणी महिलाको श्रम र सीपलाई साना तथा घरेलु उद्यमसँग जोड्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

संविधान प्रदत्त बाल अधिकारको प्रत्याभूति र बालबालिकाको सर्वाङ्गिण विकास गर्न शिक्षा, स्वास्थ्य, पोषण, मनोरञ्जन तथा सामाजिक संरक्षणका अवसरहरू उपलब्ध गराइनेछ। बाल उद्यान निर्माण गर्न स्थानीय तहसँग साझेदारी गरिनेछ।

सडक बालबालिकामुक्त राष्ट्रिय अभियानलाई निरन्तरता दिइनेछ। बेवारिसे, परित्यक्त र अभिभावकविहिन बालबालिकाको संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्स्थापना र वैकल्पिक हेरचाहको व्यवस्था मिलाइनेछ। बाल सुधार गृहको क्षमता विस्तार गरिनेछ। कुलतमा लागेका बालबालिकालाई असल मार्गमा ल्याउन मनोसामाजिक र वृत्ति परामर्श उपलब्ध गराइनेछ। बाल हेल्पलाइन सेवालाई नागरिक एपसँग आवद्ध गरिनेछ।

ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्दै लगिनेछ। ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा तथा स्वास्थ्य उपचारको प्रबन्ध मिलाइनेछ। सहयोगापेक्षी सडक मानवमुक्त अभियानमा जुटेका परोपकारी सस्थाहरूसँग सहकार्य गरिनेछ।

अपाङ्गता भएका व्यक्तिको पहिचान र वर्गीकरणको मापदण्ड अद्यावधिक गरी परिचयपत्र वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ। सार्वजनिक सेवालाई अपाङ्गतामैत्री बनाइनेछ। सहाराविहिन, अशक्त तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना सेवा विस्तार गरिनेछ।

मानव बेचबिखन र ओसारपसारको जोखिम नियन्त्रण गर्न सूचना संकलन, निगरानी र जागरणका कार्यक्रम सञ्चालन गरिनेछ। एसिड आक्रमण लगायत महिला विरूद्ध हुने सबै प्रकारका हिंसा र उत्पीडनप्रति शून्य सहनशीलताको नीति लिइनेछ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको निर्माण कार्य सम्पन्न गरिनेछ। हिंसा पीडित महिलाका लागि मधेश, सुदूरपश्चिम र काठमाडौँ उपत्यकामा पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ। यसका लागि रु. ६२ करोड विनियोजन गरेको छ।

समतामूलक, सभ्य र सुसंस्कृत समाजको निर्माणका लागि छुवाछुत तथा भेदभाव विरूद्ध राष्ट्रिय अभियान सञ्चालन गरिनेछ। यसका लागि सामाजिक अन्तरमिलन तथा अन्तर-घुलनका विशेष कार्यक्रम सञ्चालन गरिनेछ। हरेक वर्षको जेठ २१ गते जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइनेछ।

बालश्रम, लैंगिक हिंसा, यौन दुर्व्यवहार, बोक्सी आरोप, छाउपडी, महिनावारी विभेद, बालविवाह लगायतका कुरीति अन्त्य गर्न पारिवारिक तथा सामाजिक जागरणका कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता अपराधमा संलग्न हुनेहरूलाई कानूनबमोजिम दण्डित गरिनेछ।

समाज कल्याण परिषद् र राष्ट्रिय बाल अधिकार परिषद्को पुनर्संरचना गरिनेछ। गैरसरकारी संस्थाहरूलाई राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकताअनुरूप परिचालन गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ। लैंगिक तथा यौनिक अल्पसंख्यकलाई मर्यादित जीवनयापन गर्न सशक्तीकरण, सचेतना तथा सामाजिक अन्तर-घुलनका कार्यक्रम सञ्चालन गरिनेछ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका लागि रु. २ अर्ब ८ करोड विनियोजन गरेको छ।

**स्वच्छ ऊर्जा तथा सिँचाइ**

मुलुकको समृद्धिमा योगदान पुऱ्याउन जलस्रोतको दिगो उपयोग, ऊर्जा क्षेत्रको अनुसन्धान र विकासमा जोड दिइनेछ। नदी बेसिन गुरुयोजनाअनुरूप जलस्रोतको महत्तम उपयोग, संरक्षण र नियमन गरिनेछ। भूमिगत जलस्रोतको उपयोग र व्यवस्थापनको लागि जलसतह मापन तथा डिजिटाईजेसन गरिनेछ।

जलविद्युत उत्पादन, प्रसारण र वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ। ऊर्जा सुरक्षाका लागि विद्युत उत्पादनलाई विविधीकरण गरिनेछ। जलाशययुक्त ठूला आयोजनाको निर्माणलाई उच्च प्राथमिकता दिइनेछ। जलविद्युत सर्भेक्षण, उत्पादन, प्रसारण र वितरणमा निजी क्षेत्रको लगानी प्रोत्साहित गरिनेछ।

ऊर्जा मिश्रणको लागि लघु तथा साना जलविद्युत, सौर्य तथा वायु ऊर्जाको विकास गरिनेछ। औद्योगिक तथा गार्हस्थ ग्राहकको लागि ऊर्जाको माग र खपत समयको आधारमा फरक फरक महसुल निर्धारण गरिनेछ।

विद्युत आपूर्तिको भरपर्दो व्यवस्था गरी आन्तरिक ऊर्जा खपत बढाइनेछ। आगामी दुई वर्षभित्र ग्रामीण विद्युतीकरणको बाँकी काम सम्पन्न गरिनेछ।

ऊर्जा उत्पादन वृद्धिको आधारमा विद्युत निर्यात सुनिश्चित गर्न छिमेकी तथा अन्य सम्भाव्य मुलुकहरूसँग कूटनीतिक पहल गरिनेछ। क्षेत्रीय विद्युत बजारमा नेपालको उपस्थितिलाई सुदृढ गरिनेछ ।

विश्वविद्यालय तथा निजी क्षेत्रसँगको सहकार्यमा ग्रीन हाईड्रोजनको सम्भाव्यता अध्ययन गरिनेछ। ग्रीन हाइड्रोजन उत्पादन गर्न स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित गरिनेछ।

सौर्य तथा वायु ऊर्जा ब्याट्रीमा सञ्चय गरी राष्ट्रिय प्रणालीमा आवद्ध गरेमा जलाशययुक्त आयोजना सरह विद्युत खरिद सम्झौता गर्ने व्यवस्था मिलाइनेछ।

छ सय सत्तरी मेगावाट क्षमताको जलाशययुक्त दूधकोशी जलविद्युत आयोजनाको जग्गा प्राप्तिको काम सम्पन्न गरी निर्माण कार्य शुरू गरिनेछ। अध्ययन सम्पन्न भएको तनहुँ स्थित तल्लो सेती आयोजना सरकारी लगानीमा निर्माण गरिनेछ। बुढीगण्डकी आयोजना सार्वजनिक निजी साझेदारीमा निर्माण गरिनेछ। यस आयोजनामा सरकारले गरेको लगानीलाई शेयरमा परिणत गरिनेछ। अपर अरूण, किमाथांका अरूण, नलगाड, फुकोट कर्णाली, उत्तरगंगा, तमोर, मुगु कर्णाली, सुनकोशी-३ लगायतका आयोजनाहरूका लागि लगानी ढाँचा निर्धारण गरी निर्माण कार्य आरम्भ गरिनेछ।

तामाकोशी- ५ आयोजनाको निर्माण कार्यलाई तीव्रता दिइनेछ। आगामी आर्थिक वर्षभित्र २१० मेगावाट क्षमताको चैनपुर सेती र १०६ मेगावाटको जगदुल्ला जलविद्युत आयोजनाको निर्माण प्रारम्भ गरिनेछ। कर्णाली चिसापानी बहुउद्देश्यीय आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन सम्पन्न गरी लगानी ढाँचा यकिन गरिनेछ।

जनताको जलविद्युत कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणको व्यवस्थापन र इच्छुक नेपाली नागरिकको सहलगानीमा उच्च प्रतिफलको सम्भावना भएका आयोजनाहरू निर्माण गरिनेछ। पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको डिपिआर सम्पन्न गरी निर्माण कार्य अघि बढाउन अग्रसरता लिइनेछ।

जलविद्युत आयोजना सम्पन्न हुने समय तालिकासँग सङ्गति मिल्ने गरी सब स्टेशन र प्रसारण लाइन निर्माण गरिनेछ। विद्युत उत्पादन र खपतबीच सन्तुलन कायम हुने गरी विद्युत खरिद सम्झौता गर्ने नीति लिइनेछ। रन अफ रिभर आयोजनाको टेक एण्ड पे अवधारणा अनुरूप विद्युत खरिद सम्झौता गरिनेछ।

राष्ट्रिय प्रसारण प्रणालीदेखि उद्योग स्थलसम्मको वितरण लाइन उद्योग आफैले निर्माण गरेमा ह्विलिङ्ग चार्ज लिन पाउने व्यवस्था गरिनेछ। सघन शहरी क्षेत्रमा विद्युत वितरण लाइन भूमिगत गर्ने कार्यलाई तीव्रता दिइनेछ।

खिम्ती-बाह्रबिसे-लप्सीफेदी, न्यु बुटवल-गोरखपुर, दोदोधारा-बरेली ४०० केभी र चिलिमे-केरूङ्ग २२० केभी क्षमताका राष्ट्रिय तथा अन्तर्देशीय प्रसारण लाइनको निर्माण कार्य अघि बढाइनेछ। इनरूवा-पूर्णिया ४०० केभी र चमेलिया-जौलजीबी २२० केभी प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण शुरू गरिनेछ। कर्णाली प्रदेशमा नियमित विद्युत आपूर्तिका लागि कोहलपुर-सुर्खेत-जुम्ला १३२ केभी प्रसारण लाइनको निर्माण दुई वर्षभित्र सम्पन्न गरिनेछ।ऊर्जा निर्यात सम्भाव्यताको आधारमा थप अन्तर्देशीय प्रसारण लाइन निर्माण गरिनेछ।प्रशारण लाईन विस्तार तथा वितरण आयोजनाका लागि रु. १३ अर्ब १८ करोड विनियोजन गरेको छ।

औद्योगिक क्षेत्र लगायत विद्युतको उच्च माग भएका स्थानमा अविच्छिन्न, पर्याप्त र भरपर्दो विद्युत सेवा उपलब्ध गराइनेछ। विद्युत माग कम हुने समयमा निश्चित युनिटभन्दा बढी खपत गर्ने उत्पादनमूलक उद्योगलाई महसुल दरमा थप छुट दिने व्यवस्था मिलाएको छ।

परम्परागत ऊर्जा र एलपी ग्याँसलाई प्रतिस्थापन गरी स्वच्छ तथा नवीकरणीय ऊर्जाको खपत बढाउन विद्युतीय चुलो लगायतका घरायसी उपकरणहरूको उपयोगलाई प्रवर्द्धन गरिनेछ। ऊर्जाको घरायासी आवश्यकता विद्युतीय माध्यमबाट पूरा गर्न सात प्रदेशका सात शहरमा कम्प्लिट वाइरिङ्ग पाइलट प्रोजेक्ट सञ्चालन गरिनेछ।

विद्युत आपूर्ति अवरूद्ध भएको सूचना स्वचालित रूपमा वितरण केन्द्रमा प्राप्त हुने र तत्काल मर्मत गरिने व्यवस्था मिलाइनेछ। विद्युत चुहावट न्यूनीकरण गरिनेछ।

नेपाल सरकारको लगानीमा निर्माण हुने बहुउद्देश्यीय आयोजनाबाट उत्पादन हुने विद्युत बिक्री गरी सरकारको सञ्चितकोषमा दाखिला गर्ने व्यवस्था मिलाइनेछ। रानीजमरा-कुलरिया आयोजनाबाट उत्पादन भएको र भेरी-बबई तथा सुनकोशी-मरिन आयोजनाबाट उत्पादन हुने विद्युत बिक्री गरी प्राप्त हुने रकम नेपाल सरकारको सञ्चितकोषमा दाखिला गरिनेछ।

वैकल्पिक ऊर्जाको उत्पादन तथा खपत वृद्धि गरी कार्बन उत्सर्जन घटाइनेछ। सौर्य, जैविक तथा वायु ऊर्जामा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ। वैकल्पिक ऊर्जातर्फ रु. २ अर्ब ३३ करोड विनियोजन गरेको छ।

कृषियोग्य भूमिमा सिञ्चित क्षेत्र विस्तार गर्न सिँचाइ पूर्वाधारको विकास गरिनेछ। बहुउद्देश्यीय आयोजनाको हेडवर्क्स, नहर, सुरूङ, पावरहाउस र वितरण प्रणाली एकसाथ सम्पन्न हुने गरी निर्माण गरिनेछ।

बबई, रानी जमरा कुलरिया, महाकाली, प्रगन्ना-बड्कापथ सिँचाइ आयोजनाहरू आगामी तीन वर्षभित्र सम्पन्न गरिनेछ। सिक्टा र वृहत दाङ उपत्यका सिँचाइ आयोजनाको निर्माणलाई तीव्रता दिइनेछ। यसका लागि रु. ८ अर्ब ५० करोड विनियोजन गरेको छ। भेरी-बबई डाइभर्सन आयोजनाको हेडवर्कस् र पावरहाउस निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गर्न रु. २ अर्ब ७ करोड विनियोजन गरेको छ।

सुनसरी-मोरङ्ग, चन्द्र नहर, कमला, नारायणी, गण्डक, राजापुर लगायतका सिँचाइ प्रणालीहरूको मर्मत-सम्भार, पुनर्स्थापना तथा व्यवस्थापन सुधारका लागि रु. १ अर्ब ८२ करोड विनियोजन गरेको छ ।

सुनकोशी-मरिन डाइभर्सन आयोजनाको निर्माण कार्यलाई तीब्रता दिइनेछ। वागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी सुनकोशी-मरिन पथान्तरण आयोजनाबाट थप हुने पानीको उपयोगबाट वारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका १ लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ। यसका लागि रु.२ अर्ब ७३ करोड विनियोजन गरेको छ।

आगामी पाँच वर्षसम्ममा पहाडी र हिमाली क्षेत्रका कृषियोग्य टारहरूमा लिफ्ट सिँचाइ सुविधा विस्तार गरी ४ लाख ६८ हजार हेक्टरमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराइनेछ। तराइ र भित्री मधेशमा भूमिगत जल सिँचाइ सुविधा उपलब्ध गराउन निर्माणाधीन आयोजनाहरू सम्पन्न गरिनेछ। यसका लागि रु. ३ अर्ब ३१ करोड विनियोजन गरेको छ।

नौमुरे बहुउद्देश्यीय आयोजनाका लागि लगानी सुनिश्चित गरी निर्माण कार्य प्रारम्भ गरिनेछ। कालीगण्डकी-तिनाँउ नदी पथान्तरण आयोजनाको विस्तृत अध्ययन सम्पन्न गरी निर्माणको ढाँचा यकिन गरिनेछ। तमोर-चिस्याङ्ग, सुनकोशी-तावा, त्रिशुली-लोथर, माडी-दाङ र ग्वारखोला बहुउद्देश्यीय आयोजनाको अध्ययन तथा तयारी कार्यलाई तीब्रता दिइनेछ। यसको लागि रु. ३७ करोड विनियोजन गरेको छ।

गुणस्तरीय र भरपर्दो मौसम सूचना प्रणालीको विकास गरिनेछ। जलजन्य विपद् व्यवस्थापनका लागि उपयुक्त प्रविधिको प्रयोग र पूर्व जानकारी प्रणाली अवलम्बन गरिनेछ।

नदी कटान, डुबान तथा पहिरोको जोखिम व्यवस्थापन गर्न महाकाली, कर्णाली, नारायणी, कोशी लगायतका ठूला नदीहरूमा नदी नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। मनसुनजन्य विपद र भूकम्पीय प्रकोपबाट प्रभावित क्षेत्रमा सिँचाइ प्रणाली पुनःनिर्माणको कार्यलाई तीब्रता दिइनेछ। यसको लागि रु. ५ अर्ब ५९ करोड विनियोजन गरेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न हुने जलविद्युत आयोजनबाट थप ९४२ मेगावाट विद्युत उत्पादन भई कुल जडित क्षमता ४ हजार ८ सय मेगावाट पुऱ्याइनेछ। त्यसैगरी ७३२ किलोमिटर डवल सर्किट राष्ट्रिय प्रशारण लाइन निर्माण हुनेछ।

आर्थिक वर्ष २०८२/८३ मा थप १४ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याइनेछ। नदी नियन्त्रणतर्फ ६३ किलोमिटर तटबन्ध निर्माण र २७० हेक्टर जग्गा नदी उकास गरिनेछ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको लागि रु. ८६ अर्ब १ करोड विनियोजन गरेको छ।

**दिगो, गुणस्तरीय र सुरक्षित पूर्वाधार**

आधुनिक र गुणस्तरीय पूर्वाधार निर्माण गरी मुलुकको आर्थिक सामाजिक विकासलाई तीब्रता दिइनेछ। सुरक्षित र भरपर्दो आवागमनको लागि दिगो सडक सञ्जालको विस्तार गरिनेछ। द्रुतमार्ग, अन्डरपास र ओभरपास जस्ता आधुनिक पूर्वाधारहरूको निर्माणलाई तीब्रता दिइनेछ। राष्ट्रिय राजमार्गलाई आवश्यकताको आधारमा दुई लेनदेखि आठ लेनसम्मको गतियुक्त र सुरक्षित सडकमा स्तरोन्नति गर्दै लगिनेछ। सडकको नियमित मर्मत सम्भार गरी दिगोरूपमा सञ्चालन गरिनेछ।

आर्थिक, प्राविधिक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका स्थानमा मात्र सडकका लागि नयाँ ट्र्याक खोल्ने नीति लिइनेछ। सडक पूर्वाधार निर्माण गर्दा सुरूङ्ग प्रविधिको प्रयोग विस्तार गर्दै लगिनेछ। आगामी आर्थिक वर्षमा नागढुंगा र सिद्धबाबा सुरूङमार्गको निर्माण सम्पन्न गर्न रु. २ अर्ब ६० करोड विनियोजन गरेको छ। वन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा ओभरपास र अण्डरपासजस्ता वन्यजन्तुमैत्री पूर्वाधार संरचना निर्माण गरिनेछ।

शहरी तथा संवेदनशील भू-बनोट भएका क्षेत्रमा गुणस्तरीय र दिगो सडक निर्माण गर्न सिमेन्ट, छड, गिट्टी र बालुवा प्रयोग गरी आरसिसि ढलान सहित कालोपत्रे गरिनेछ। यसबाट स्वदेशी निर्माण सामग्रीको खपत वृद्धि हुने र सडक पूर्वाधार टिकाउ हुने विश्वास गरेको छु ।

बन्द अवस्थामा रहेको काठमाडौँ-हेटौडा रोपवेको विकल्पमा नवीन प्रविधिमा आधारित पोडवेको सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम छुट्याएको छ। पहाडी तथा हिमाली क्षेत्रमा केबुलकार सञ्चालनलाई प्रोत्साहन गरिनेछ। वीरेठाँटी-मुक्तिनाथ केबलकार निर्माण गर्न निजी क्षेत्रलाई सहजीकरण गरिनेछ।

आगामी दुई वर्षभित्र पूर्व पश्चिम राजमार्गको काकडभिट्टा-लौकही, कमला-कञ्चनपुर, कमला-बागमती, बागमती-पथलैया, बुटवल-नारायणगढ, बुटवल-गोरूसिङ्गे खण्डको ४२२ किलोमिटर सडकलाई चार लेनमा स्तरोन्नति गरिनेछ। पूर्व पश्चिम राजमार्गको गड्डाचौकी-अत्तरिया खण्ड स्तरोन्नतिको कार्य आगामी आर्थिक वर्षमा शुरू गरिनेछ। यसका लागि रु. २१ अर्ब १९ करोड विनियोजन गरेको छ।

आर्थिक वर्ष २०८२/८३ मा पर्यटन प्रवर्द्धन तथा आर्थिक क्रियाकलाप विस्तारका दृष्टिले उच्च सम्भावना रहेको सिद्धार्थ राजमार्गलाई डेडिकेटेड डवल लेनमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ।

यात्राको समय, लागत, दूरी र दुर्घटना घटाउन पुष्पलाल मध्यपहाडी राजमार्गको विद्यमान रेखाङ्कन परिमार्जन गरिनेछ। यस राजमार्गलाई सुरूङ र भायाडक्ट प्रविधि सहितको डेडिकेटेड डबल लेनमा स्तरोन्नति गर्न पूर्व तयारी गरिनेछ। यसका लागि रु.३ अर्ब ९४ करोड विनियोजन गरेको छ।

हुलाकी राजमार्गको निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गरी तराई मधेशको आर्थिक विकास तथा अन्तर आवद्धतालाई सुदृढ गरिनेछ। यसका लागि रु. ३ अर्ब ५६ करोड विनियोजन गरेको छ ।

काठमाडौँ-तराई मधेश द्रुतमार्गको निर्माण कार्य आर्थिक वर्ष २०८३/८४ भित्र सम्पन्न गरिनेछ। आगामी वर्ष ३७ किलोमिटर सडकमा सबवेश, चार किलोमिटर सुरूङ्ग र ६० पुलको निर्माण कार्य सम्पन्न गरिनेछ। यसका लागि रू २४ अर्ब ४९ करोड विनियोजन गरेको छ ।

पृथ्वी राजमार्गको नौबिसे- मुग्लिङ्ग खण्डलाई डेडिकेटेड डवल लेनमा विस्तार गर्ने कार्यलाई तीब्रता दिइनेछ। आगामी आर्थिक वर्षमा आँबुखैरेनी-पोखरा सडक खण्ड चार लेनमा स्तरोन्नति कार्य सम्पन्न गरिनेछ। यसका लागि रू. ८ अर्ब ५२ करोड विनियोजन गरेको छ।

पूर्व पश्चिम राजमार्गदेखि तराई मधेशका जिल्ला सदरमूकाम हुँदै सीमावर्ती नाका जोड्ने रानी-इटहरी, वीरगञ्ज-पथलैया, वेलहिया-बुटवल, मोहनापुल-अत्तरिया लगायतका चार लेनका व्यापारिक मार्गको निर्माण सम्पन्न गरिनेछ।

कर्णाली, कालीगण्डकी र कोशी कोरिडोर निर्माण तथा स्तरोन्नतिको कार्यलाई तीब्रता दिइनेछ। आगामी आर्थिक वर्षमा कर्णाली कोरिडोरको हिल्सा- सिमकोट तथा खुलालु-पिलुचौर-तुम्च खण्डको सड्क स्तरोन्नति गरिनेछ। कर्णाली कोरिडोरको लागि रु १ अर्ब २७ करोड बजेट व्यवस्था गरेको छ।

कोशी कोरिडोरको खाँदबारी-दोभानखण्ड र कालीगण्डकी कोरिडोरको स्तरोन्नति गर्न रु. २ अर्ब ३३ करोड विनियोजन गरेको छ। अरूण कोरिडोरको चतरा-लेगुवाघाट सडक ट्र्याक खोल्न बजेटको व्यवस्था गरेको छ।

झापाको बाहुनडाँगीदेखि डडेल्धुराको रूपालसम्मका बस्ती र बजारलाई जोड्ने मदन भण्डारी राजमार्ग निर्माणका लागि रु. २ अर्ब ५१ करोड विनियोजन गरेको छ।

अत्तरिया-खोड्पे-दार्चुला सडक खण्डको विस्तृत अध्ययन सम्पन्न गरी डेडिकेटेड डवल लेनमा स्तरोन्नति गर्ने कार्य शुरु गरिनेछ। महाकाली करिडोर अन्तर्गत ब्रह्मदेव-झुलाघाट-तुसारपानी खण्डको स्तरोन्नति गर्न र तुसारपानी-टिंकर खण्डको ट्र्याक खोल्न आवश्यक बजेट छुट्याएको छ।

कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत-खुलालु-कालीकोट-जुम्ला सडक र सुर्खेत-महावुलेक-नाग्मा-गमगढी सडकलाई स्तरोन्नति गर्न बजेट व्यवस्था गरेको छ। ताल्चा-रारा सडक कालोपत्रे गरिनेछ। गल्छी-रसुवागढी सडक स्तरोन्नतिका लागि रु. २ अर्ब ५६ करोड विनियोजन गरेको छ।

रणनीतिक तथा व्यापारिक महत्त्वका तमोर कोरिडोर, दमक-चिसापानी सडक, भेरी कोरिडोर, डुम्रे-बेशीशहर-चामे सडक, कक्रहवा-सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक, शहीद मार्ग, रत्न राजमार्ग, राप्ती राजमार्ग, खुटिया-दिपायल लगायतका सडकको स्तरोन्नति गर्न आवश्यक रकम विनियोजन गरेको छ ।

काठमाडौं चक्रपथको कलंकी-बसुन्धरा-धोवीखोला सडक खण्डको स्तरोन्नति कार्यलाई निरन्तरता दिन रु. १ अर्ब २४ करोड विनियोजन गरेको छ।

विपदबाट क्षतिग्रस्त बी.पी. राजमार्ग, अरनिको राजमार्ग, कान्ति राजपथ, मेची राजमार्ग लगायत सडकको पुनर्निमाण गर्न आवश्यक बजेट विनियोजन गरेको छ। राष्ट्रिय राजमार्गमा पर्ने सडकपुल निर्माण गर्न रु. ३ अर्ब १८ करोड विनियोजन गरेको छ।

निर्माणाधीन वैकल्पिक सहायक राजमार्ग र निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रम अन्तर्गतका आयोजनाहरूलाई आगामी आर्थिक वर्षभित्र सम्पन्न गरी सिर्जित दायित्व फरफारक गरिनेछ। यसका लागि रु. २१ अर्ब ८ करोड विनियोजन गरेको छ।

भौगोलिक अवस्थिति, जनसङ्ख्या, यातायातको चाप र लेन तथा लेन्थका आधारमा सडकको वर्गीकरण गरिनेछ। सवारी साधनको मापदण्ड तर्जुमा गरी सडक दुर्घटना न्यूनीकरण गरिनेछ। प्रमुख शहरहरूमा ट्राफिक संकेत चिन्ह र सडक बत्तीको व्यवस्था गरी सवारी चाप व्यवस्थित गरिनेछ ।

सवारी प्रदूषण मापनका लागि आधुनिक प्रविधिको उपयोग गरिनेछ। काठमाडौँ उपत्यकाको यातायात व्यवस्थालाई वातावरणमैत्री बनाउन साझा यातायातलाई थप १०० विद्युतीय बस उपलब्ध गराइनेछ। सार्वजनिक यातायातको यात्रु चापलाई व्यवस्थित गर्न शहरी क्षेत्रमा मास ट्रान्सपोर्ट सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

सडक दुर्घटना न्यूनीकरणका लागि रिफ्रेस सेण्टर सञ्चालन गरिनेछ। सबै प्रकारका सवारी साधनको नियमित रूपमा फिटनेट टेष्ट हुनुपर्ने व्यवस्था मिलाइनेछ। तेस्रो पक्ष बीमालाई समय सापेक्ष बनाउँदै लगिनेछ।

विद्युतीय सवारी साधनको प्रयोगलाई विश्वसनीय, गुणस्तरीय र दिगो बनाउन प्रोत्साहित गरिनेछ। निजी क्षेत्रलाई चार्जिङ्ग स्टेशन तथा वर्कसप निर्माण गर्न आकर्षित गरिनेछ।

काठमाडौँ उपत्यका लगायत ठूला शहरमा स्मार्ट सार्वजनिक यातायात सञ्चालन गर्न निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ। सार्वजनिक यातायात प्राधिकरण सञ्चालनमा ल्याइनेछ। प्रदेशस्तरबाट सवारीचालक अनुमतिपत्र वितरण हुने व्यवस्था मिलाइनेछ।

काठमाडौँ उपत्यकाको सार्वजनिक यातायातलाई आधुनिक र व्यवस्थित गर्न मेट्रोरेल, मोनोरेल जस्ता विकल्पहरूको सम्भाव्यता अध्ययन गरिनेछ।

अन्तर्राष्ट्रिय सीमा नाकाबाट अस्थायी पैठारी हुने सवारी तथा ढुवानीका साधन र हेभी इक्युपमेण्टमा प्रचलित कानूनबमोजिम भन्सार विन्दुमा महसुल संकलन गरेपश्चात प्रदेश र स्थानीय तहले थप शुल्क वा दस्तुर लिन नपाउने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

अध्ययन सम्पन्न भएका सुरुङमार्गहरू दुम्कीबास-बर्दघाट, खुर्कोट-चियाबारी, बबई-छिन्चु, मझिमटार-शक्तिखोर, हेम्जा-नयाँपुल, कुलेखानी-भिमफेदी र धरान-लेउतीको निर्माणका लागि स्रोत व्यवस्थापन र अन्य तयारी अगाडि बढाइनेछ। टोखा-छहरे, शिवपुर-भालुवाङ, रानीघाट-भुरिगाउँ, दोलालघाट-चर्नावती र हात्तिसार-बबई सुरूङमार्गको सम्भाव्यता अध्ययन सम्पन्न गरिनेछ।

आगामी वर्ष पूर्व पश्चिम राजमार्गलाई आधार मानी स्ट्याण्डर्ड गेज मापदण्डको विद्युतीय रेलमार्ग निर्माण गर्न विस्तृत अध्ययन गरिनेछ। निर्माणाधीन वर्दिवास-निजगढ खण्डको रेलमार्गलाई पूर्व पश्चिम विद्युतीय रेलमार्गको मापदण्डअनुरूप बनाइनेछ। पूर्व पश्चिम रेलमार्ग निर्माण गर्ने प्रयोजनका लागि अधिग्रहण गर्न रोक्का राखिएको काकडभिट्टा-इटहरी खण्डको जग्गा फुकुवा गरिनेछ।

आगामी आर्थिक वर्षमा काठमाडौँ-केरूङ्ग रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ। सीमावर्ती दक्षिण नाकाका न्यूजलपाइगुडी-काँकडभिट्टा, नौतनवा-भैरहवा र नेपालगञ्जरोड-नेपालगञ्ज जोड्ने रेलमार्ग निर्माण कार्यको तयारी शुरू गरिनेछ।

सडक यातायात दुर्घटनाबाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न राष्ट्रिय सडक सुरक्षा मापदण्ड निर्धारण गरिनेछ। प्रमुख राजमार्गमा शीघ्र उद्धारका लागि हेलिकप्टर, विशिष्टिकृत एम्बुलेन्स, ट्रमा उपचार लगायतका आपतकालीन सेवा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

सम्भाव्यताको आधारमा अन्तर्देशीय जल यातायातको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ। कोशी, गण्डकी लगायत नेपालका प्रमुख नदी हुँदै कलकत्ता बन्दरगाहसम्मको जल यातायात सञ्चालन गर्न आवश्यक तयारी गरिनेछ।

आर्थिक वर्ष २०८२/८३ मा नागढुङ्गा, सिद्धबाबा र काठमाडौँ-तराई मधेश द्रुत मार्गमा पर्ने तीनवटा सुरूङ्ग मार्गको निर्माण सम्पन्न गरिनेछ। राष्ट्रिय गौरवका र प्रमुख सडक आयोजनामा थप ८५० किलोमिटर सडक कालोपत्रे र १७१ सडकपुल निर्माण सम्पन्न गरिनेछ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लागि रु. १ खर्ब ५२ अर्ब विनियोजन गरेको छ।

**योजनाबद्ध शहरी विकास**

नागरिकको सुरक्षित आवासको संवैधानिक हकको प्रत्याभूति गरिनेछ/। शहरी विकासलाई उत्पादन वृद्धि, व्यवसाय विस्तार र रोजगारीका अवसरसँग आबद्ध गरिनेछ/।

सामूहिक आवास विकासको लागि जग्गा प्राप्ति र वित्तीय पँहुच उपलब्ध गराइनेछ। निजी क्षेत्रबाट निर्माण तथा सञ्चालन हुने सामुदायिक तथा संयुक्त आवास विकासका लागि नीतिगत सहजीकरण गरिनेछ। सम्भाव्यताको आधारमा जग्गा एकीकरण र सुपथ मूल्यका आवास विकास गरिनेछ।

स्मार्ट सिटी र इको भिलेजअनुरूपका पूर्वाधार निर्माण गर्न अध्ययन गरिनेछ/। जोखिमयुक्त र छरिएका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी सुविधायुक्त एकीकृत बस्तीमा विकास गरिनेछ/। बस्तीको मौलिक स्वरूप र स्थानीय वास्तुकलाको प्रवर्द्धन गरिनेछ। देशभरका ५० वस्तीहरूको संरक्षण र पूर्वाधार सुधारका लागि बजेटको व्यवस्था गरेको छ।

निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थित शहर विकास गरिनेछ। काठमाडौं उपत्यकाको ईशान, आग्नेय, तारकेश्वर र डुकुछापमा जग्गा विकास आयोजना सञ्चालन गरिनेछ।

काठमाडौं उपत्यका लगायत प्रमुख शहरहरूको सौन्दर्य तथा आधारभूत सेवाको गुणस्तर वृद्धि गर्न युटिलिटी कोरिडोरको अवधारणा कार्यान्वयन गरिनेछ।

काठमाडौंको शंखरापुरमा जहरसिंह पौवा स्टेडियम र गणेशमान सिंह पार्क तथा बुढानिलकण्ठ-गोकर्णेश्वरमा मदन भण्डारी बहुउद्देश्यीय पार्कको निर्माण कार्य शुरू गरिनेछ। तनहुँको चुदी रम्घामा भानु साहित्य उद्यान निर्माण गरिनेछ। काठमाडौंको भृकुटीमण्डपमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण गरिनेछ।

नवलपरासी पूर्वको जिल्ला सदरमुकाममा पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिन रु. ८० करोड विनियोजन गरेको छ। स्थानीय तहका निर्माणाधीन १२९ प्रशासकीय भवन सम्पन्न गर्न रु. एक अर्ब विनियोजन गरेको छ ।

आगामी वर्ष सङ्घीय संसद र सर्वोच्च अदालतको भवन निर्माण सम्पन्न गरिनेछ। पुरातात्त्विक महत्त्वका शितल निवास, हरिहरभवन, श्रीमहल र ग्यालरी बैठकको पुनर्निर्माण गरिनेछ।

स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा आधुनिक प्रविधियुक्त फोहोर प्रशोधन केन्द्र स्थापना गरी ऊर्जा, मल, ब्रिकेट लगायतका सामग्री उत्पादन गरिनेछ।

बागमती लगायत काठमाडौं उपत्यकाका नदीहरूलाई स्वच्छ बनाउन आवश्यक पूर्वाधार निर्माण गरिनेछ। काठमाडौं उपत्यका भित्रका कोरिडोर सडक विस्तार गर्दै लगिनेछ। यसका लागि रु. ३ अर्ब ४२ करोड विनियोजन गरेको छ।

मध्य पहाडी पुष्पलाल राजमार्गका प्रमुख दश स्थानमा नयाँ शहर निर्माण कार्य अघि बढाउन रु. १ अर्ब ७० करोड विनियोजन गरेको छ।

देशभरका विभिन्न शहरी पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि सघन शहरी विकास कार्यक्रम अन्तर्गत रु. ५ अर्ब ३६ करोड विनियोजन गरेको छ। साथै स्थानीय पुल तथा झोलुङ्गे पुल निर्माणका लागि रु. ८ अर्ब ९० करोड विनियोजन गरेको छ।

नगर विकास कोषको पूनर्संरचना गरी लगानी क्षमता अभिवृद्धि गरिनेछ। तराई मधेश समृद्धि तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमलाई निरन्तरता दिन रु. १ अर्ब २ करोड विनियोजन गरेको छ।

जनता आवास कार्यक्रम अन्तर्गत एक हजार घर निर्माण र सुरक्षित नागरिक आवास अन्तर्गत ५ हजार घरको फुसको छानो विस्थापन गर्न रु. ७५ करोड विनियोजन गरेको छ।

आर्थिक वर्ष २०८२/८३ मा ७२७ किलोमिटर शहरी तथा ग्रामीण सडक कालोपत्रे तथा स्तरोन्नति, ४६ स्थानीय सडकपुल र २०० झोलुङ्गेपुल निर्माण सम्पन्न हुनेछ।

शहरी विकास मन्त्रालयको लागि रु. १ खर्ब १८ अर्ब ३४ करोड विनियोजन गरेको छ।

**खानेपानी तथा सरसफाइ**

सबै नेपालीका लागि स्वच्छ एवम् गुणस्तरीय खानेपानी उपलब्ध गराइनेछ। समुदायसँगको साझेदारीमा खानेपानी आपूर्तिको दिगो व्यवस्थापन गरिनेछ।

काठमाडौँ उपत्यकाको खानेपानी आपूर्ति प्रणालीलाई एकीकृत र व्यवस्थित गरिनेछ। यसका लागि काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय र मेलम्ची खानेपानी विकास समितिलाई एकीकृत गरिनेछ।

जलवायु परिवर्तनको असर, बढ्दो शहरीकरण र भूमिगत पानीको अत्यधिक दोहनबाट खानेपानीका परम्परागत मुहान सुकिरहेको सन्दर्भमा जलाशययुक्त खानेपानी आयोजना, भूमिगत पानीको स्रोतको पुनर्भरण र खानेपानी मुहानको पुनरोत्थान लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

सङ्घ, प्रदेश, स्थानीय तह र समुदायको सहकार्यमा प्रशोधित खानेपानी उपलब्ध गराउन सात प्रदेशका सात शहरमा नमुना आयोजना सञ्चालन गरिनेछ। कारागारमा रहेका कैदीबन्दीहरूलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छ।

मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्स विपद् जोखिमको दृष्टिकोणले सुरक्षित स्थानमा पुनर्निर्माण गरिनेछ। सुन्दरीजलमा दैनिक थप २५ करोड ५० लाख लिटर क्षमताको पानी प्रशोधन केन्द्रको निर्माण गरिनेछ। काठमाडौँ उपत्यकामा खानेपानी वितरण प्रणाली विस्तार गरिनेछ। यसका लागि रु. ६ अर्ब ३७ करोड विनियोजन गरेको छ।

आगामी आर्थिक वर्षमा तराई मधेशका २८० अधुरा खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न गरी स्थानीय तहमा हस्तान्तरण गरिनेछ। एक घर एक धारा कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहसँग सहकार्य गरिनेछ। विपदबाट क्षतिग्रस्त खानेपानी आयोजनाहरूको मर्मत तथा पुनर्स्थापना गरिनेछ। यसका लागि रु. ४१ करोड विनियोजन गरेको छ।

जलवायु अनुकूलित खानेपानी आयोजना अन्तर्गत १८४ आयोजना निर्माण गर्न रु. ३ अर्ब ८५ करोड विनियोजन गरेको छ। सुर्खेतको भेरी पम्पिङ्ग खानेपानी आयोजनाको निर्माण कार्य आगामी २ वर्षभित्र सम्पन्न गर्न रु. १ अर्ब ३२ करोड विनियोजन गरेको छ। लिफ्ट प्रविधिबाट खानेपानी सेवा उपलब्ध गराउँदा लाग्ने विद्युत महसुलमा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको छ। प्रमुख शहरहरूमा ढल निर्माण तथा प्रशोधन कार्यक्रम सञ्चालन गर्न रु. १ अर्ब ९ करोड विनियोजन गरेको छ।

आर्थिक वर्ष २०८२/८३ मा ठूला खानेपानी आयोजना सम्पन्न भई ३७ प्रतिशत जनसङ्ख्यालाई सुरक्षित खानेपानी सेवा उपलब्ध हुनेछ। यसबाट ९८ प्रतिशत जनसङ्ख्यामा

क्रमशः...

# पीडितलाई न्यायको साटो मुद्दा, राज्यको दोहोरो चरित्रप्रति तीव्र आलोचना



काठमाडौं। सर्लाहीको पर्सा गाउँपालिका-५ का तस्लीम अन्सारीमाथि केही अपराधिक मानसिकता भएका व्यक्तिहरूले गरेको अमानवीय र अपमानजनक व्यवहारलाई लिएर राष्ट्रिय स्तरमै चासो बढिरहेको बेला संघीय गणतान्त्रिक गठबन्धनका शीर्ष नेताहरू पीडित पक्षसँग ऐक्यबद्धता जनाउन सिधै घटनास्थलमा पुगे ।

तस्लीम अन्सारी गम्भीर रूपमा छतविक्षत अवस्थामा पीडित भइरहँदा समेत राज्य संयन्त्रले दोषीलाई कारबाही गर्नुको साटो पीडकमाथिनै उल्टै मुद्दा लगाएर थुनिराखेको छ ।

नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री मोहम्मद रिजवान अन्सारीले यसप्रति गहिरो आक्रोश व्यक्त गरेका छन् ।

उनले भनेका छन्, "यो एकदम निन्दनीय छ। पीडित तस्लीम अन्सारीमाथि अन्याय हुनु त लाजमर्दो छँदैछ, तर राज्य संयन्त्रले उल्टै उनीमाथि मुद्दा लगाई थुनिराख्नु–यो हाम्रो न्याय प्रणालीकै घोर अपमान हो। यो घटनाले देखाउँछ कि पीडित होइन, शक्तिशालीको पक्षमा कानुन उभिन्छ भन्ने भ्रम अझै जीवित छ।"

"हाम्रो राजनीति आत्मसम्मान र राज्य सत्तामै पहुँचको लागि हो । हामी राजनीतिक गर्छौं पदका लागि होइन। हामी यो आन्दोलन न्यायको लागि, पहिचानको लागि, आत्मसम्मान र उत्पीडित जनताको राज्य सत्तामा पहुँच सुनिश्चित गर्नका लागि गर्छौं,' उनले भने ।

उनले थप प्रष्ट पारे, "आज मुस्लिम पीडित छन्। भोलि हिन्दु होस्, सिख, इसाई वा आदिवासी जनजाति–यदि अन्याय भयो भने संघीय गणतान्त्रिक मोर्चा उनीहरूकै पक्षमा उभिन्छ। हामी जात, धर्म होइन, पीडा र अन्याय हेर्छौं।"

जेठ १५ मा जनकपुरमा विशाल जुलुस र मोर्चाको औपचारिक घोषणा हुने पूर्वमन्त्री अन्सारीले जेठ १५ गते गणतन्त्र दिवसको दिन जनकपुरमा 'संघीय गणतान्त्रिक मोर्चा' को औपचारिक घोषणा गरिने जानकारी गराउँदै, "न्याय, समानता र सामाजिक परिवर्तनका लागि यो ऐतिहासिक मोर्चा बन्नेछ," भन्दै सम्पूर्ण उत्पीडित वर्गलाई सहभागी हुन आह्वान गरे ।

यस्तै, बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन कुमार रञ्जनले राज्यको यो चरित्र संविधान र गणतन्त्रको आत्मामाथिको घात रहेको बताएका छन् । यसैगरी, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले संविधानले दिएको मौलिक हक अब सडकबाट लिने कागजबाट होइन भन्ने उद्घोष गरे ।

त्यस्तै, नेपाल जनजागृति पार्टीका ध्रुवलाल निषादले भने, "संघीयता र समावेशीताको नाममा पीडित वर्गलाई हेपिएको छ, अब प्रतिकार हुनेछ ।"

यस्तै, मधेश प्रदेशका सांसद एवं नेपाल संघीय समाजवादी पार्टीकी नेतृ बिमला अन्सारीले तस्लीम अन्सारी निर्दोष रहेको दाबी गर्दै राज्यले तुरुन्त रिहा नगरे निर्णायक आन्दोलन गर्ने चेतावनी दिएकी छन् ।

सर्लाहीको एक पीडितको आवाज आज राष्ट्रिय न्यायको सवालमा रूपान्तरण भएको छ। संघीय गणतान्त्रिक मोर्चाको घोषणा केवल राजनीतिक कदम होइन, यो सामाजिक परिवर्तन, न्यायको पुनर्स्थापना, र उत्पीडित वर्गहरूको राजनीतिक सशक्तिकरण को ऐतिहासिक सुरुवात रहेको बताइएको छ ।

## अम्बेडकर पार्क शिलान्यास स्थलमै बनाउनुपर्ने चमार समुदायको माग

जनकपुरधाम । चमार जाति सम्बद्ध विभिन्न सङ्घसंस्था तथा जातीय अगुवाहरूले डाक्टर अम्बेडकर पार्क शिलान्यास भएकै ठाउँमा बनाउन माग गरेका छन् । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई बुधबार जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भेटेर उनीहरूले सिरहाको लहानस्थित सलहेस फुलबारीनजिक १० धुर जग्गामा शिलान्यास भएकै ठाउँमा दलित मसिहा डा.अम्बेडकरको पार्क बनाउनुपर्ने र जग्गा अपुग भए चमार समुदायका डा.काशीन्द्र महरा चमारले सोही ठाउँ दुई कट्ठा जग्गा सरकारको नाममा पारित गर्ने जानकारीसहितको ज्ञापनपत्र बुझाएका हुन् ।

ज्ञापनपत्रमा पासवान समुदायका केही राजनीतिक नेताहरूको विरोधकै कारण बहुसँख्यक दलितका आवाज बन्द गर्ने छुट कसैलाई नरहेको औंल्याइएको छ । बाबा भिमराव अम्बेडकर पार्कमा चमार समुदायका रविदास, मुसहर समुदायका दीनाभद्री, राजा सलहेस समेतको प्रतिमा राख्ने भन्दै ज्ञापनपत्रमा प्रदेश सरकारले पार्क बनाउन नसके व्यक्तिगत रूपमा चन्दा उठाएर भए पनि पार्क बनाई छाड्ने उल्लेख गरिएको छ । ज्ञापनपत्रका दलित समुदायको हितसँग जोडिएका थप आठवटा माग समावेश छन् । ज्ञापनपत्रमा चमार कल्याण समाज नेपालका राष्ट्रिय अध्यक्ष दिनेश चमारलगायतले हस्ताक्षर गरेका छन् ।

## 'कुलिङ पिरियड'को प्रावधान यथावत रहन्छ

काठमाडौं । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा राखिएको दुई वर्षे 'कुलिङ पिरियड'को प्रावधान यथावत रहने बताएका छन् । 'कुलिङ पिरियड'विरुद्ध सरकारका सचिवहरूदेखि मुख्यसचिवसम्मले विरोध जनाइरहेका बेला मन्त्री गुप्ताले उक्त व्यवस्था फेरबदल नभइ ऐनका रूपमा आउने स्पष्ट गरेका हुन् । मुलुकमा सुशासन कायम राख्न र कर्मचारीहरूलाई जवाफदेही बनाउने उद्देश्यअनुसार उक्त प्रावधान राखिएकाले संशोधन नहुने उनको अडान छ ।

मन्त्री गुप्ताले बिहीबार पत्रकारहरूसँग कुरा गर्दै भने, 'अहिले उच्च तहका रहनुभएका कर्मचारीले सेवाबाट अवकास लिएर पनि उच्च तहमै बस्न रुचाउने प्रवृत्ति बढेको छ । त्यसबाट सुशासनको सवालमासमेत गम्भीर प्रश्नहरू उठिरहेकै छन् । तिनै प्रश्नहरूको अन्त्यका लागि हामीले कुलिङ पिरियडको प्रावधान राखेका हौं, यसमा कुनै पनि हालतमा संशोधन हुँदैन ।' नयाँ प्रावधानले सार्वजनिक सेवामा रहँदा समाजसँग टुटेको आफ्नो सम्बन्ध नवीकरण गर्ने तथा समाजको यथार्थ बुझ्ने मौका कर्मचारीहरूमा सृजना हुने भएकाले सकारात्मकरूपमा लिनुपर्ने मन्त्री गुप्ताको तर्क छ ।

'राज्य व्यवस्था तथा सुशासन समितिमा लामो छलफल, बहस र विज्ञहरूको सुझावका आधारमा यो प्रावधान राखिएको हो । यसले संवैधानिक निकायमा हुने र अन्य राजनीतिक नियुक्तिहरूमा व्यापक सुधार ल्याउने हाम्रो अपेक्षा छ,' मन्त्री गुप्ताले भने, 'यही जेठ १३ अर्थात् आगामी मंगलबार यो विधेयक संसदमा दर्ता हुँदैछ र कुलिङ पिरियडको प्रावधान यथावत राखेर पारित हुनेछ ।' उनले कुलिङ पिरियड राख्ने विषयमा सबै राजनीतिक दलका नेताहरूसमेत सहमत रहेको स्मरणसमेत गराए ।

राज्य व्यवस्था तथा सुशासन समितिले हालै पारित गरेको सङ्घीय निजामती सेवा विधेयकमा निजामती कर्मचारीले माथिल्लो तहबाट अवकाश पाएपछि संवैधानिक, कूटनीतिक र राजनीतिक पदमा नियुक्ति खान दुई वर्ष कुर्नुपर्नेगरी 'कुलिङ पिरियड' राखिएको छ । उक्त प्रावधानप्रति सचिव र मुख्यसचिवहरूले असन्तोष प्रकट गरेका छन् ।

समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिविम्बित गर्दछ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# ७ बुँदे प्रतिबद्धताका साथ पेडारीमा सार्वजनिक सुनुवाई

नेपालगञ्ज । बैझनाथ गाउँपालिका वडा नम्बर ७ पेडारीमा सात बुँदे साझा सार्बजनिक प्रतिबद्धताका साथ सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

बैजनाथ गाउँपालिका वडा नम्बर ७ को आयोजना र बास नेपालको सहजीकरणमा बिहिवार वडा नम्बर ७ को वडा कार्यालय पेडारीमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

बैझनाथ गाँउपालिका वडा नम्बर ७ को कार्यालयले दिने सेवा सुबिधाको प्रभावकारिता बिषयक सार्बजनिक सुनुवाई कार्यक्रमबाट बैझनाथ गाउँपालिका वडा नम्बर ७ का बिभिन्न टोललाई जोड्ने बाटो ग्रोभल तथा पिच गर्नका लागि पालिका प्रद्श सरकार र संघ सरकारसँग पहल गर्ने र प्रथामकिताका आधारमा क्रमश निर्माण गर्दै जाने,आगामी योजना तर्जुमा प्रक्रियाका ७ वटै चरणहरुलाई अबलम्बन गर्ने र बस्ती स्तरका योजना छनौटमा आम नागरिकहरुको सहभागीता गराउने, वडा भित्रको चमार टोलमा सार्बजनिक धारा र प्रतिक्षालय आबश्यक्ता रहेको भन्ने माग आएकाले त्यस बिषयमा थप अध्यण गरी तत्काल धारा निर्माण गर्ने र प्रतिक्षालयको सम्बन्धमा सार्बजनिक जग्गा र बजेट उपलब्धताको आधारमा निर्माण गर्ने प्रतिबद्धता गरिएको छ ।

त्यस्तै दैलेखी टोलमा सिंचाई सुबिधा उपलब्ध गराउन सिक्टा सिचाई सँग निरन्तर पहल गरिरहेको र पुन सिंचाई सुबिधा उपलब्ध गराउन भरपुर पहल गर्ने, वडा कार्यलयबाट प्रबाह गरिने सुचनालाई थप प्रभावकारी बनाउने र सुचनाको बिषयमा आम नागरिकहरु समेत सचेत हुनुपर्ने साथै वडाको मुख्य दुई टोलहरु उत्तरटोल र गडियनपुर टोलमा सुचना टाँसको ब्यवस्था गर्ने, वडा भित्रका बिभिन्न बाटोमा पक्कि पुल आबश्यक रहेकाले क्रमश पुल निर्माण गर्दै जाने, आगामी बर्षमा बर्षिमको बिऊ बितरण गर्दा पहिला नै माग भई आएका र पाउन नसकेका किसानलाई पहिलो प्रथामिकतामा राखि बितरण गर्ने प्रतिबद्धताहरु गरिएको छ ।

एक सय बढिको सहभागिता रहेको सार्बजनिक सुनुवाईमा सरोारवाला ब्यीक्तहरुको रुपमा बैजनाथ गाँउपालिका वडा नम्बर ७ का वडा अध्यक्ष दिनेश कुमार थारु, वडा सदस्यहरु तिलक राम थारु, राधा कुमारी थारु, नर बहादुर चन्द ठकुरी, ईलाचा चमार्नी, वडा सचिव जितेन्द्र लामिछाने, नेपाल राष्ट्रिय माध्यामिक बिद्यालयका प्रधानाध्यापक दामोदर उपाध्याय र नेपाल राष्ट्रिय माध्यामिक बिद्यालयका ब्यवस्थापन समितिका अध्यक्ष शुरेश कुमार लामिछाने रहेका थिए ।

२ घण्टा सम्म चलेको सार्बजनिक सुनुवाई कार्यक्रममा वडा बाट प्रवाह हुने कुनै पनि कार्याक्रमहरुको जानकारी नहुने, सडक स्तरउन्नत्ती हुन बाँकी, सिचाईको सुबिधाबाट बञ्चित भएको, पिउने पानीको ब्यवस्था गर्न नसकेको लगायतका गुनासोहरु सहभागीहरुले राखेका थिए भने वडा दिनेश कुमार थारुले गुनासाको सुनुवाई गरेका थिए ।

स्वागत तथा वडा कार्यालयले यो आर्थिक बर्ष २०८१/०८२ मा वडाले गरेको प्रगति प्रतिबेदन वडा कार्यालयका सचिव जितेन्द्र लामिछानेले प्रस्तुत गरेका थिए भने बास नेपालका कार्यक्रम अधिकृत रबिन्द्र बोहराले सहजीकरण गरेका थिए ॥

त्यसैगरी बुधवार बैजनाथ गाउँपालिका २ नम्बर वडा कार्यालयले ६ बुदें साझाँ प्रतिबद्धताका साथ सार्बजनिक सुनुवाई सम्पन्न गरेको थियो ।

घोषणा गरिएको प्रतिबद्धताहरुमा वडा भित्रका विभिन्न टोलहरुमा आवश्यक रहेको तर चालु आर्थिक बर्षको कार्यक्रममा समाबेश हुन नसकेको योजनाहरुलाई आगामी आबमा प्राथमिकिकरणमा राखि बजेट विनियोजन गर्ने, मन्द्रा देखि कारागार हुदै बौद्ध मन्दिर सम्म जाने सडक धुलाम्मे भई आवतजावतमा समस्या भईरहेकाले तत्काल प्रदेश सरकारसँग समन्वय गरी स्तरउन्नतीका लागि योजना अगाडी बढाउने, वडामा पिउने पानीको समस्या रहेकाले यथासक्य खानेपानीको ब्यवस्थापन गर्ने, वडा कार्यालयभित्र रहेको जानकी मन्दिर ब्यवस्थापनकालागि बजेट विनियोजन भईसकेकाले तत्काल मन्दिर रंगरोगन र घेराबार गर्ने, वडाको रिहारटोलमा आवतजावतका लागि बाटो नभएको गुनासो आएकाले उक्त टोलमा सडक निर्माण आवश्यक रहेको समुदायबासिहरुको सहमति सहित वडामा निवेदन आएमा निर्माणकार्यको पहल गर्ने र निशा वितरणका लागि जग्गा फारम र निबेदन सहित वडामा आएमा प्रक्रिया अगाडी बढाउने प्रतिबद्धता गरिएको छ ।

यसरी गरिएका प्रतिबद्धताहरु सुनुवाईमा उपस्थित सरोकारवाला र सहभागिहरुले तालि बजाएर अनुमोदन गरेका थिए ।

प्रतिबद्धतामा वडा अध्यक्ष राजु रुचाल ठकुरी, वडा सदस्य भुमिसरा थापा मगर, भुवाने दमाई, शोभा कुमारी थारु, सितादेबि विश्वकर्मा र वडा सचिब मदन प्रशाद थारुले हस्ताक्षर गरेका थिए ।

बास नेपालका जनसम्पर्क अधिकृत माधब कार्कीले सहजिकरण गरेको सुनुवाईमा स्वागत तथा सुनुवाईको उद्धेश्यमाथि प्रकाश बास नेपालका शोभा थापा मगरले गरेका थिए भने चालु आर्थिक बर्षमा वडा कार्यालयले गरेको प्रगतिको प्रश्तुतीकरण वडा सचिब मदन प्रसाद थारुले गरेका थिए ।

सुनुवाइमा एक सय बढी वडाबासिहरुको सहभागिता रहेको थियो ।




## जिल्ला समाचार

### मटिहानीमा एक महिने मिथिला पेन्टि□ तालिम सम्पन्न

महोत्तरी । बाल विवाह नगर्ने किशोरीहरुका लागि मटिहानी नगरपालिकाद्वारा मटिहानीमा आयोजित १ महिने मिथिला पेन्टिङ तालिम बुधबार विधिवत सम्पन्न भएको छ । यसै बिच सहभागीहरुलाई मटिहानी नगरपालिका प्रमुख (मेयर) हरि प्रसाद मण्डलले प्रमाणपत्र वितरण गरेका हुन् । तालिममा मटिहानी नगरपालिकाका वडा नं. ६,७ र ८ का ३० जना किशोरीहरु सहभागी रहेका थिए । पालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा मटिहानी नगरपालिकाको वडा अध्यक्षहरु जितनारायण माझी, रितेश साह, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख दिपा दास र प्रशिक्षक सुलोचना कर्णले कार्यक्रम बारे प्रकाश पारे । एक महिने मिथिला पेन्टिङ तालिममा विभिन्न किसिमका चित्र बनाउने कार्य सिकाइएको थियो ।

### रामा यादव स्मृति पत्रकारिता पुरस्कार शारदा र चाँदनी झालाई

राकेश यादव, रौतहट । स्वर्गीय रामा यादव स्मृति पत्रकारिता पुरस्कार २०८१/२०८२ को घोषणा कार्यक्रम रामा यादव स्मृति प्रतिष्ठान रौतहटको आयोजनामा आइतबार सम्पन्न भएको छ । स्वास्थ्य क्षेत्रमा निरन्तर रुपमा कलम चलाउने एक जनालाई नगद २६ हजार १ रुपैयाँ पुरस्कार दिने उद्देश्यले २०७९ सालमा स्थापना गरिएको सो पुरस्कार ४ वर्षसम्म निरन्तरता दिइएको छ । रौतहट जिल्लामा पहिलो टेलिभिजनको स्थापना गरिने जय रामा मिडिया प्रा लि का संस्थापिका रामा यादवको २०७८ साल बैशाख २८ गते कोभिड संक्रमणको कारण दुःखद निधन भएपछि स्वास्थ्य उपचारको अभावमा कुनै व्यक्तिले ज्यान गुमाउनु नपरोस् भन्ने लक्ष्यसहित स्वास्थ्य क्षेत्र सुधारको लागि पत्रकारिताको माध्यमबाट दबाब सिर्जना गर्ने एक जना महिला पत्रकारलाई पुरस्कृत गर्ने उदेश्यले पुरस्कारको स्थापना गरिएको हो । नेपाल पत्रकार महासंघ रौतहट शाखाका सभापति संजय कार्कीले २०८१ को लागि छनौट भएकी सिमरा बाराका रेडियो समर्पणका प्रमुख एवम् रातोपाटी अनलाइनका सम्बाददाता शारदा पोखरेल र २०८२ का लागि छनौट भएकी खुट्टा पिपराढी ४ महोत्तरीकी टीभी टुडे जनकपुरमा कार्यरत चाँदनी झाको नाम घोषणा गर्दै छनौट भएकी दुवै जना महिला पत्रकारलाई बधाई दिएका छन् । कार्यक्रममा सम्बोधन गर्दै यस्तो कार्यको थालनी गर्नु हुने रामा यादव स्मृति प्रतिष्ठानका संरक्षक जय प्रकाश यादवलाई धन्यवाद ज्ञापन गरे । अहिलेको अवस्थामा पत्रकारिता पेशालाई मर्यादित र सभ्य बनाउनु पर्ने ठूलो चुनौती रहेकोले जिल्लाका सबै सन्चारकर्मीलाई पेशागत मर्यादा कायम गर्दै अघि बढ्न सुझाव दिए । संचार क्षेत्रमा संचार उद्यमी स्वर्गीय रामा यादवको भूमिका निकै महत्वपूर्ण भएको चर्चा समेत गरे । उनले देखेको सपना पूरा गर्न सम्पूर्ण सन्चारकर्मीले सहयोग गर्नु पर्ने धारणा राखे । कार्यक्रममा पूर्वकेन्द्रीय सदस्य शिव पुरीले सामाजिक संजालमा देखिएको विकृति विसंगतिलाई नियन्त्रण गर्नु पर्ने जोड दिए । एक पत्रकारले अर्को पत्रकारलाइ लक्षित गरी प्रयोग गर्ने शब्दको कारण पत्रकारप्रति वितृष्णा फैलिँदै गएको सभ्य रुपमा सामाजिक संजाल प्रयोग गर्न आग्रह गर्दै समाजको परिवर्तनका लागि भूमिका निर्वाह गर्न आग्रह गरे । वरिष्ठ पत्रकार प्रभात कुमार झाले कोरोना भाइरसको बेला २ जना सन्चारकर्मी गुमाएको पीडा भुल्न नसकेको बताए । रामा यादव र मनोज चौधरीको भएको निधनले सबै पत्रकार मर्माहित भएको अवस्था रहेको उल्लेख गरे । जयप्रकाश यादवको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ रौतहट शाखाका पूर्वअध्यक्ष शैलेन्द्र गुप्ता, प्रेमचन्द्र झा, नेपाल पत्रकार महासंघ रौतहट शाखाका उपाध्यक्ष सुब्बा कार्की, श्रमजीवि पत्रकार संघ नेपाल रौतहटका अध्यक्ष शन्तोष पौडेल लगायतले आफ्नो आफ्नो धारणा राखेका थिए । पत्रकार राकेश कुमार यादवले संचालन गरेको कार्यक्रममा विभिन्न संचारमाध्यम संघ आवद्ध रहेका पत्रकारहरुको सहभागिता रहेको आयोजक सस्थाले जनाएको छ ।

### मुस्लिम महिलाहरूलाई नेतृत्व विकाससम्बन्धी तालिम

नेपालगन्ज । मुस्लिम महिलाहरुका लागि आत्मनिर्भर एवं नेतृत्व विकाससम्बन्धी तीनदिने तालिम नेपालगन्जमा सुरु भएको छ । सामाजिक विकास डिभिजन कार्यालय बाँकेको सहयोग र बास नेपालको आयोजनामा भएको तालिमको लुम्बिनी प्रदेशका सामाजिक बिकास मन्त्री जन्मजय तिमिल्सिनाले मंगलबार उद्घाटन गरेका छन् । तालिमको उद्घाटन समारोहलाइ सम्बोधन गर्दै सामाजिक बिकास मन्त्री तिमिल्सिनाले महिलाहरुको क्षमता विकास गरी आत्मनिर्भर बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको बताउदै तालिममा महत्वका साथ सहभागी भइ सिक्नुपर्ने बताए । मन्त्री तिमिल्सिनाले मुस्लिम समुदायमाका महिलाहरुले विभिन्न समस्याहरुको सामना गर्नु परिरहेको बताउदै आफ्नो हक अधिकारका लागि पैरबी गर्न आवश्यक रहेको बताए । पछाडी परेका महिलाहरुको हक अधिकार र स्वतन्त्रताका लागि तालिम उपयागी हुने बताउँदै उनले भने, “अधिकारका लागि आफै आजैबाट जाग्न जरुरी छ, समाज रुपान्तरणका लागि अबश्यक तत्वहरु के के हुन भन्ने कुरा तालिमबाट सिक्न सकिन्छ ।” तालिममा लम्बिनी प्रदेश सभा सदस्य मिना सिद्दिकी बोहराले मुस्लिम महिलाहरु यसरी तालिममा सहभाही भएको देख्दा निकै हर्षित भएको बताउदै तालिमबाट मुस्लिम महिलाहरुले आफ्नो अधिकारहरुको बारेमा जानकार हुने बताइन् । तालिमबाट केही कुरा सिकेर आफ्नो हक अधिकारहरुको लागि आफै लड्न सक्नुपर्छ उन्ले भनिन् “हाम्रो समुदायमा गर्न बाँकी अँझै धेरै कामहरु छन् आफ्नो हक अधिकारका लागि हामि आफै अघी बढ्नु पर्छ” । सामाजिक बिकास डिभिजन कार्यालयका प्रमुख उद्धव प्रसाद श्रेष्ठले तालिममा सक्रिय सहभागीता जनाइ तालिमका विषयवस्तुलाइ आत्म साथ गर्न सहभागीलाइ अनुरोध गरे । बास नेपालका केन्द्रीय अध्यक्ष शिव कुमार वर्माको अध्यक्षतामा भएको तालिमको पहिलो दिन प्रशिक्षक मन भण्डारी र कल्पना अधिकारीले महिला अधिकार, महिलाको अवस्था र महिलावाद, नेतृत्व विकास, सकारात्मक सोच लगायतको विषयमा सहजीकरण गरेका थिए । तीन दिनसम्म चल्ने तालिमको उद्घाटन समारोहको सञ्चालन बास नेपालका कार्यकारी निर्देशक नमस्कार शाहले गरेका थिए भने बास नेपालका उपाध्यक्ष तथा तालिम विभाग प्रमुख दिला शाहले स्वागत संगै तालिमको उद्देश्यमाथी जानकारी गराएकी थिइन् । तालिममा नेपालगन्ज उपमहानगरपालिकाका बिभिन्न वडाका ९० जना मुस्लिम समुदायका महिलाहरुको सहभागिता रहेको छ ।

# बाजुरामा भारतको सहयोगमा कृषि प्रवर्द्धन केन्द्र भवन शिलान्यास

काठमाडौं । बाजुरा जिल्लाको स्वामीकार्तिक खापर गाउँपालिकास्थित मुक्तिकोटमा खाद्यान्न सङ्कलन तथा वितरण केन्द्रका लागि आवश्यक कृषि प्रवर्द्धन केन्द्रको भवन निर्माण कार्यको शिलान्यास गरिएको छ । उक्त गाउँपालिकाका अध्यक्ष भरत बहादुर रोकाया र काठमाडौंस्थित भारतीय राजदूतावासका काउन्सिलर अविनाश कुमार सिंहले संयुक्त रूपमा निर्माणको शिलान्यास गरेका हुन् ।



शिलान्यास समारोहमा राजनीतिक प्रतिनिधिहरू, सरकारी अधिकारीहरू, समाजसेवीहरू र स्थानीय समुदायका सदस्यहरूको उपस्थिति थियो ।

भारत सरकारको 'नेपाल-भारत विकास सहकार्य' कार्यक्रमअन्तर्गत ३.१४१ करोडको आर्थिक सहयोगमा उक्त भवन निर्माण हुन लागेको हो । वितरण डेस्क, रेकर्ड रुम तथा अन्य आवश्यक संरचनासहित यो कृषि प्रवर्द्धन केन्द्र अन्न भण्डारण तथा वितरणको केन्द्रको रूपमा विकास गरिने जनाइएको छ । परियोजना स्वामीकार्तिक खापर गाउँपालिकामार्फत कार्यान्वयन हुने पनि जनाइएको छ ।

गाउँपालिका अध्यक्षसहित राजनीतिक तथा सामुदायिक प्रतिनिधिहरूले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगप्रति आभार व्यक्त गर्दै उक्त पूर्वाधारले हिमाली क्षेत्रका कृषकहरूलाई उत्पादन सङ्कलन र भण्डारणमा ठुलो सहायता पुग्ने विश्वास व्यक्त गरे । उनीहरूले नयाँ संरचनाले खाद्यान्न दीर्घकालीन भण्डारण गर्न सकिने भएकाले यसले खाद्य सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गरे ।

सन् २००३ यता भारत सरकारले नेपालमा ५७३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना सञ्चालन गरिसकेको छ, जसमा ४९५ परियोजना सम्पन्न भइसकेका छन् । सुदूरपश्चिम प्रदेशमा मात्रै ४३ परियोजना सञ्चालन भइरहेका छन्, जसमा बाजुराका २ परियोजना पनि समावेश छन् ।

यस्तै, भारत सरकारले नेपालभरिका स्वास्थ्य तथा शैक्षिक संस्थाहरूलाई १००९ वटा एम्बुलेन्स र ३०० वटा स्कुल बस प्रदान गरेको छ। सुदूरपश्चिममा ७० एम्बुलेन्स र २७ स्कुल बस वितरण गरिएकोमा बाजुरामा ३ एम्बुलेन्स र १ स्कुल बस उपलब्ध गराइएको छ । नेपाल र भारतबिचको मैत्री सम्बन्धलाई थप मजबुत बनाउँदै आएका यस्ता परियोजनाहरूले नेपाल सरकारका प्राथमिकता प्राप्त क्षेत्रहरूमा पूर्वाधार विकासमा टेवा पुऱ्याउने र जनजीवनमा सकारात्मक प्रभाव पार्ने भारतीय दूतावासले विश्वास व्यक्त गरेको छ ।

## 'पार्टीलाई नेताहरूको गोजीबाट पद बाड्ने निरीह संगठन बनाउनु हुँदैन'

काठमाडौं । जनता समाजबादी पार्टी, बागमती प्रदेश समितिको दुईदिने प्रशिक्षण कार्यक्रम पुस्पलालपथ, लखतिर्थस्थित जगतसुदर ब्वनेकुथिमा जनता समाजवादी पार्टीका सङ्घीय अध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठले उद्घाटन गरेका छन् ।

उनले सो कार्यक्रममा उद्घाटन मन्तव्य दिँदै पार्टीलाई वैचारिक रूपमा सुस्पष्ट, सङ्गठनात्मक रूपमा सुदृढ र सङ्घर्षमा जुझारु बनाउनु पर्ने बताउँदै भने, पार्टीलाई उपेन्द्र यादवले जस्तो महाधिवेशनको नामको निरिह प्राणीहरूको भेला गरी आफ्नो गोजीबाट पद बाँड्ने निरिह सङ्गठन बनाउनु हुँदैन ।

# श्रेणीविहिन कर्मचारीलाई निषेध गर्ने निजामती ऐन स्वीकार्य छैन् : प्रभु साह

काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले श्रेणीविहिन कर्मचारीलाई निषेध गर्ने निजामती ऐन आफूलाई स्वीकार्य नभएको जनाएका छन् । उनले श्रेणीविहिन कर्मचारीलाई स्थायी गर्नका लागि विज्ञापन गर्नुपर्ने सुझाव समेत दिएका छन् ।



श्रेणीविहिन कर्मचारीको बारेका केही उल्लेख नगरी निजमति ऐन सरकारले ल्याएपछि आजपा अध्यक्ष साहले त्यसको विरोध गर्दै कर्मचारी-कर्मचारी बीचमा विभेद गराउने निजामती ऐन फिर्ता गर्नुपर्ने बताए ।

सामाजिक सञ्जाल फेसबुक मार्फत साहले गरिव श्रमजीवि विरोधी निजामती ऐन फिर्ता गर्नुको विकल्प नभएको जनाएका छन् । 'सरकारी कार्यालयको तल्लो तहमा काम गर्ने कार्यालय सहयोगी, सवारीचालक, माली, स्वीपर, गार्ड, हल्कारालगायतका श्रेणीविहिन कर्मचारीको स्थायी पदपूर्ती रोक्नेगरि आएको संघीय निजामती ऐन कुनै पनि हिसाबले सही छैन्,' आजपा अध्यक्ष साहले भनेका छन् ।

सरकारले नै सरकारी सेवामा कर्मचारी-कर्मचारीका बीचमा विभेद गर्ने गर्ने निजामती ऐन ल्याएको आरोप उनले लगाए । उनले श्रेणीविहिन कर्मचारीलाई विज्ञापन गरी अन्य कर्मचारी जस्तै स्थायी गर्नुपर्ने र अरु कर्मचारी जस्तै सेवासुविधा दिनुपर्ने माग समेत गरेका छन् ।

'संसदीय समितिबाट पारित भई प्रतिनिधिसभामा पेश भएको यो विधेयकले गरीव श्रमजीवी जनतालाई सरकारी सेवामा पुरै प्रवेश निषेध गरेकोछ । अहिलेको २१औं शताब्दीको लोकतान्त्रिक युगमा सरकारी सेवामा यस्तो विभेद गर्नु असंवैधानिक मात्र होईन, मानवताबिरोधी अपराध हो । संसद् जस्तो सम्मानित संस्थाबाट यस्तो मानवताबिरोधी कार्य हुनु दुस्खद् छ,' आजपा अध्यक्ष साहले लेखेका छन्, 'सरकारी सेवामा विगत लामो समयदेखि काम गरिरहेका तल्लो तहका श्रेणीविहीन कर्मचारीहरु जो ग्रेडबृद्धि तथा पेन्सनको सुविधाबाट बञ्चित भई नारकीय जीवन बाँच्न बाध्य थियो, वहाँहरूलाई स्थायी गर्ने प्रावधान ल्याउनुको सट्टा उल्टै निषेध गर्ने जो कार्य भएकोछ त्यो सरासर गलत हो । यसलाई तुरुन्त सच्याउन सम्माननीय सभामुख एवं नेताहरूलाई गम्भीर ध्यानाकर्षण गराउँदछु ।'

### संघीय...

पनि उनले आरोप लगाए । अहिले सरकारले अम्बेडर पार्क बनाउने नाममा दलितहरू तोड्ने काम गरेको पनि उनको आरोप छ ।

नेपाल संघीय समाजवादी पार्टीकी केन्द्रीय उपाध्यक्ष तथा मधेश प्रदेशकी सांसद् बिमला अन्सारीले विगतमा अरुका लागि लडे पनि अब आफ्नो लागि लड्नुपर्ने बताइन् । आन्दोलनमा शहादत दिएर ल्याइएको समावेसी समानुपातिकलगायतलाई कमजोर बनाउने काम भएको उनको जिकिर छ । ठूला दलहरूका कारण राजावादीहरू सल्बलाएको उनले बताइन् ।

नेपाल सद्भावना पार्टीकी वरिष्ठ नेतृ तथा पूर्वमन्त्री सरिता गिरीले देशमा भएका विभिन्न काण्डमा मुछिएका नेताहरूमाथि कारबाही नभएकाले जनताले गणतन्त्रको अनुभूति गर्न नपाएको बताइन् ।

काठमाडौंमा गणतन्त्रको विरुद्ध आन्दोलन हुनुको जिम्मेवारी ठूला तीन दलका अध्यक्ष देउवा, ओली र दाहालले लिनुपर्ने पनि बताएकी हुन् । अबको प्रधानमन्त्री संघीय गणतान्त्रिक गठबनधनबाट बन्ने पनि नेतृ गिरीले दाबी गरिन् । उत्पीडित समुदायका व्यक्ति पनि प्रधानमन्त्री किन बन्न नसकेको भनेर प्रश्न पनि गरिन् ।

इतिहासिक जनता पार्टीका अध्यक्ष बद्री ठाकुरले मधेशी समुदायको दुश्मन राजसंस्था रहेकाले भ्रमित नहुन सबैसँग आग्रह गरेका छन् । मधेशीहरूसँग गद्दार गरिरहेकाहरूविरुद्ध गठबन्धन उत्रिने चेतावनी दिए । शासकहरूले आफ्नो अनुकुलको संविधान बनाएको पनि उनले दाबी गरे ।

नेपाल जनजागृति पार्टीका धुपलालप्रसाद सहनी निषादले अधिकार प्राप्तिअघि मित्र र शत्रुलाई चिन्नुपने बताए । उनले दुस्मनहरूलाई भोट दिएर जिताएकै कारण उत्पीडितहरू अधिकार पाउनबाट वञ्चित भएको बताएका छन् ।

उत्पीडितहरू संगठित भएर अघि बढ्नु आवश्यक रहेको पनि उनले बताए । भ्रम, आश्वासन, लोभलालच र पैसाको भरमा ठूला पार्टीहरू सञ्चालन रहेको पनि बताएका छन् ।

### नेपाली...

न्यूनतम तलब, स्वास्थ्य सुरक्षा, बिमा, सामाजिक सुरक्षा, मर्यादित कार्यस्थल र न्यायोचित भर्ना प्रक्रियाको विषयलाई सम्बोधन हुने गरी श्रम सम्झौता वा समझदारी गरिरहेको छ, उनले बताए ।

उनले नेपाल सरकार सुरक्षित आप्रवासनको लागि काम गरिरहेको बताउँदै श्रमिक घरबाट निस्केर गन्तव्य मुलुकसम्म पुगेर फर्केर नआएसम्मका सबै चरणमा सुरक्षाको सुनिश्चित गर्ने विषयमा श्रम सम्झौता गर्नुपर्ने बताए ।

कार्यक्रममा श्रम सचिव डा. कृणाहरि पुष्करले गन्तव्य देशसँगको श्रम सम्झौता गर्दा अन्तर्राष्ट्रिय आधारभूत मानवअधिकारको विषयमा कुनै पनि सौदाबाजी गर्न नहुने बताए । 'श्रमिकको सुरक्षा र हक दिलाउने विषयमा विश्वव्यापी मानवअधिकारका आधारभूत मान्यताका विषयमा सौदाबाजी हुँदैन,' उनले भने,'सामाजिक सुरक्षा लगायतका विषयमा भने थप छलफल गर्न सकिन्छ ।'

### आतंकवादविरुद्ध...

बनेको छ।"

युगनाथ शर्मा पौडेलले थपे, "पाकिस्तानी आतङ्कारी प्रवृत्तिविरुद्ध अब नेपाल पनि स्पष्ट पक्षमा उभिनुपर्छ। यसका लागि सञ्चारकर्मी, नागरिक समाज, सरकार र सुरक्षा निकायले एकजुट भएर अन्तर्राष्ट्रिय जनमत निर्माण गर्नुपर्छ।"

कार्यक्रममा अभियानका उपाध्यक्ष माननीय भुपेन्द्र चौधरी , रिता साह जय नारायण यादब , रबि शाह कालनन्द मिश्र लगायत पत्रकार, सुरक्षा विश्लेषक, अनुसन्धानकर्ता, पूर्व अधिकारी, राजनीतिक विश्लेषक तथा विभिन्न क्षेत्रका बुद्धिजीवीहरुको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रम सन्चालन अभियानका केन्द्रीय सदस्य चन्द्र यदुबसी ले गरेको थिए ।

## हावाहुरीबाट जोगिने उपाय

- ❖ घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- ❖ हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- ❖ छानालाई राम्ररी कसेर बाँधौं ।
- ❖ गमलालाई सुरक्षित तरिकाले राखौं ।
- ❖ जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- ❖ भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- ❖ सवारीसाधन चलाइरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।



नेपाल सरकार

विज्ञापन बोर्ड





पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं